का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ माघ २०८२
आइतबार
8 February 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक १७। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# बदलिएको सन्देश फैलाउँदै कांग्रेस

## जनमत बढाउने रणनीति कि जनपक्षीय बन्ने प्रतिबद्धता ?

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २४ माघ

फागुन २१ मा हुने प्रतिनिधि सभा निर्वाचनमा जानुअघि नेपाली कांग्रेसका सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले 'बदल्यौं कांग्रेस, बदल्छौं देश' नारा दिएका छन् । चुनावपछिको कांग्रेस कस्तो बनाउने ? भन्ने खाका कोर्न शीर्ष नेता व्यस्त छन् । सँगै पुरानो मत जोगाएर नयाँ मतदाताको आकर्षण बढाउन सभापति थापाले कांग्रेस बदलिएको सन्देश तल्लो तहसम्म पुऱ्याउन कार्यकर्तालाई आह्वान गरेका छन् ।

शनिबार काठमाडौं-५ को चुनावी कार्यक्रममा उनले भदौ २३ गतेको जेनजी आन्दोलन र २४ गतेको विध्वंशको ज्वालाबाट पाठ सिकेर कांग्रेस सच्चिएको र अब देश बदल्ने अभियानमा रहेको सन्देश तल्लो तहसम्म पुऱ्याउन कार्यकर्तासँग उनले आग्रह गरे । जेनजीको पूरा कुरा सुनेर अन्तिममा सडकमा तिमीले गरेको आवाज सुनेर बदलिएको एक मात्र पार्टी कांग्रेस भएको बताउन उनको आग्रह थियो । 'पुसको विशेष महाधिवेशनपछि सबैभन्दा नयाँ पार्टी पृष्ठ २ मा



मधेशमा कांग्रेसको बलियो जनाधार थियो । पछिल्लो समय केही मत विभाजन भएपनि सभापति गगन थापाको नेतृत्वमा कांग्रेस आइसकेपछि ती विभाजित मतलाई कांग्रेसको नीति र विचारमा जोड्ने प्रयास भएको छ ।

**पुष्पा भुसाल**
**उपसभापति, नेपाली कांग्रेस**




गगन थापाले चलाएको कांग्रेस परिवर्तनको कदम नेपालको दलीय इतिहासभरि सबैभन्दा जोखिमपूर्ण, सबैभन्दा साहसपूर्ण र सबैभन्दा दूरदर्शी कदम हो । विधिवत् विद्रोहबाट आएको यही नै नयाँ पार्टी हो ।

**खगेन्द्र संग्रौला**
**राजनीतिक विश्लेषक**



सलाही ४ का मतदातामाझ कांग्रेस सभापति गगन थापा ।



# अलबिदा 'राते काइँला'

नेपाली चलचित्र क्षेत्रका वरिष्ठ कलाकार सुनिल थापाको ६८ वर्षको उमेरमा शनिबार बिहान निधन भएको छ । हृदयाघातका कारण शंखमूलस्थित आफ्नै अपार्टमेन्टमा बेहोस भएपछि उनलाई उपचारका लागि थापाथलीस्थित नर्भिक अस्पताल पुऱ्याइएको थियो, जहाँ चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । उनी 'राते काइँला' पात्रमार्फत दर्शकमाझ लोकप्रिय थिए ।

विस्तृत समाचार पृष्ठ ६ मा




# रोकियो न्यायाधीश नियुक्ति

निर्वाचन आचारसंहिता लागू रहँदासम्म कुनै पनि संवैधानिक वा सरकारी निकायबाट नीतिगत तथा दीर्घकालीन प्रभाव पार्ने नियुक्ति प्रक्रिया अघि बढाउन नमिल्ने निर्वाचन आयोगको अडान छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ माघ

न्यायपरिषद्ले यही माघ २१ गते १० जना जिल्ला न्यायाधीशको सरुवा सिफारिस र २० जनाको पदस्थापन गऱ्यो । यसकै वरिपरि न्यायाधीश नियुक्ति सिफारिस गर्ने न्याय परिषद्को तयारी थियो । निर्वाचन आयोगका अनुसार न्यायपरिषद्ले सर्वोच्च अदालतका लागि समेत न्यायाधीश नियुक्तिको सिफारिस गर्न अनुमति माग गरेको थियो । तर आयोगले स्वीकृति दिएन । निर्वाचनको दिन नजिकिएको र निर्वाचन आचारसंहिता लागू भइसकेको भनेर निर्वाचन आयोगले न्यायाधीश नियुक्ति गर्न नमिल्ने जवाफ न्यायपरिषद्लाई दिएको हो ।

निर्वाचन आचारसंहिता जारी भए पनि सर्वोच्च र उच्च अदालतमा न्यायाधीश नियुक्ति गर्नुपर्ने देखिएको भनेर न्यायपरिषद्ले सहमतिका लागि आयोगमा पत्राचार गरेको थियो । आयोगले माघ ४ गतेदेखि नै निर्वाचन आचारसंहिता लागू भइसकेकाले परिषद्ले प्रस्ताव गरेअनुसार न्यायाधीश नियुक्ति गर्न आचारसंहिताबमोजिम गर्न नमिल्ने जवाफ पठाएको हो । न्यायपरिषद्ले माघ १४ गते आयोगलाई पत्र पठाएको थियो । जहाँ न्यायाधीश नियुक्तिका लागि सहमति दिन माग गरिएको थियो । २१ माघमा जवाफ पठाउँदै आयोगले आचारसंहिता लागू रहँदासम्म कुनै पनि संवैधानिक वा सरकारी निकायबाट नीतिगत तथा दीर्घकालीन प्रभाव पार्ने नियुक्ति प्रक्रिया अघि बढाउन नमिल्ने भनेको छ ।

न्यायपरिषद्लाई निर्वाचन आयोगले पठाएको जवाफमा भनिएको छ,' आयोगबाट मिति २०८२/१०/४ देखि निर्वाचन आचारसंहिता, २०८२ लागू भइसकेको हुँदा त्यहाँ परिषद्बाट गर्ने भनिएको न्यायाधीश नियुक्ति आचारसंहिताको दफा ५ को खण्ड ९ बमोजिम गर्न नमिल्ने बेहोरा निर्णयअनुसार अनुरोध छ ।' न्यायपरिषद्सम्बन्धी व्यवस्था संविधानको धारा १५३ मा छ । सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्तिसम्बन्धी व्यवस्था संविधानको धारा १२९ मा छ ।

जहाँ न्यायाधीशको योग्यता पनि तोकिएको छ । जसअनुसार सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति न्यायपरिषद्को सिफारिसमा हुन्छ । कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# बिना एजेन्ट कामदार लिने मलेसियाको तयारीले हलचल

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, २४ माघ

बिना एजेन्ट कम्पनीले विदेशी कामदार भर्ना गर्ने मलेसिया सरकारको तयारीमा त्यहाँका रोजगारदाताहरूमा हलचल मच्चिएको छ । यसप्रति उनीहरुले मिश्रित प्रतिक्रिया जनाएका छन् ।

गत साता मलेसियाका मानव संशाधन मन्त्री सेरी आर. रामाननले विदेशी कामदार भर्नाको प्रक्रियाबाट तेस्रो पक्ष एजेन्ट वा बिचौलियाहरूलाई हटाउने प्रयासको रूपमा मलेसियाली रोजगारदाताहरूलाई प्रत्यक्ष रूपमा विदेशी कामदारहरू भर्ना गर्न अनुमति दिने प्रक्रियामा छलफल भइरहेको बताएका थिए ।

मलेसियाका साना रोजगारदाताहरूले प्रक्रिया व्यवस्थापनका लागि मद्दत गर्न बलियो डिजिटल प्रणाली, स्पष्ट, सुसंगत नियमहरू आवश्यक हुने बताएको छ । मलाय चेम्बर अफ कमर्सका अध्यक्ष नोर्स्याहरिन हमिदोनले रोजगारदाताहरूलाई प्रत्यक्ष रूपमा विदेशी कामदारहरू भर्ना गर्न अनुमति दिने सरकारको कदम स्वागतयोग्य भएपनि प्रक्रियामा सहजता सुनिश्चित गर्न उचित अनुगमन महत्वपूर्ण रहेको बताइन् ।

उनले साना रोजगारदाताहरूसँग प्रत्यक्ष भर्ना व्यवस्थापन गर्ने क्षमता, पारदर्शी र एकीकृत डिजिटल प्लेटफर्मको अभाव रहेको टिप्पणी गर्दै श्रम र अध्यागमन कानुनहरूको निरन्तर परिवर्तनले समस्या पृष्ठ २ मा

# पाठेघरको क्यान्सर रोक्न एचपिभी खोप

पाठेघरको मुखको क्यान्सरलाई सन् २०३० सम्ममा जनस्वास्थ्यको समस्याका रूपमा नहुने अवस्थामा पुऱ्याएर निवारण गर्ने उद्देश्य छ । यसअन्तर्गत गत वर्षदेखि एचपिभी खोपलाई नियमित खोपका रूपमा लगाउन सुरुवात गरिएको हो ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २४ माघ

नेपालमा महिलाहरूमा हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको छ । क्यान्सरको कारणबाट महिलाहरूको मृत्यु हुनेमा भने यो पहिलो स्थानमा छ ।

स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतम क्यान्सर मुख्य गरेर एचपिभी भाइरसको संक्रमणबाट हुने बताउँछन् । त्यसैलाई रोक्न नेपाल सरकारले गत वर्षदेखि पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप कार्यक्रम सञ्चालन गरेको छ ।

पाठेघरको मुखको क्यान्सरलाई सन् २०३० सम्ममा जनस्वास्थ्यको समस्याका रूपमा नहुने अवस्थामा पुऱ्याएर निवारण गर्ने उद्देश्यले गत वर्षदेखि एचपिभी खोपलाई नियमित खोपका रूपमा सुरुवात गरिएको हो । गत वर्ष १५ लाख किशोरीलाई खोप लगाइएको डा. गौतम बताउँछन् । आजबाट सुरु गरिने यस वर्षको खोप संख्या भने ३ लाख ४५ हजार बढी रहेको उनको भनाइ छ ।

चिकित्सकहरूका अनुसार यो एक प्रकारको भाइरस हो । यसलाई ह्युमन प्यापिलोमा भाइरस भनिन्छ । डा. गौतमका अनुसार एचपिभीका २ सयभन्दा बढी किसिमका प्रजाति हुन्छन् र यसमध्ये कम्तीमा १२ वटा प्रजाति पाठेघरको मुखको क्यान्सर गराउने प्रमुख कारक मानिन्छन् । यसमा पनि १६ र १८ प्रजाति प्रमुख कारक हुन् । नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर पृष्ठ २ मा

FREE HOUSEKEEPING / ROOM BOY TRAINING
for Candidates going to Oman
For Selection:
Candidates should send their CV to below email address:
resume.snk@gmail.com
Eligibility:
Must be Basic English Speaking.
Candidates with prior knowledge of Housekeeping is preferred.
S.N.K. Facilities Management Pvt. Ltd.
Gov. Lic No. 1726/081/082
Bafal-13, Kalanki, Kathmandu, Nepal, Tel. 01-5922923
Mobile No: 9806165278. website: www.snkmanpower.com

UAE को प्रतिष्ठित कम्पनीमा महिलाहरूलाई रोजगारी
कम्पनी: CONNECT RESOURCES L.L.C शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०१/१९ चलानी नं.: ६०२३६७८२ LT. No.: 322743 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping attendant | 0 | 80 | स. काममा दक्ष | 2300 | ९०,६४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

राम्रोसँग अंग्रेजी बोलचाल, लेखपढ गर्न सक्ने र उमेर १९ देखि ४२ वर्ष भित्रको हुनुपर्नेछ ।
Clining house Keeping सम्बिन्धि काम गरेकोलाई प्राथमिक्ता दिइने छ ।
फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिद्वारा काठमाडौंमा
२०८२ माघ २७, २८ र फागुन १ गते (10, 11 & 13 February 2026) मा हुनेछ ।
अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो, सृजनटोलसँगै काठमाडौं
Phone - 014982296 | 9801175502, 9801012690, 9801051244, 9801175503,9801175510

## बदलिएको...

कांग्रेस हो । यो सन्देश लिएर घरघर जानुपर्छ,' थापाले भने 'विगतमा कांग्रेसबाट रिसाएकालाई कांग्रेस बदलिएको सन्देश पुऱ्याउनुपर्नेछ । हिजो कांग्रेसलाई मत हालेका २७ लाख मतदाता माझ जानुपर्नेछ । घरघरमा गएर संवाद गर्नुपर्ने र जेनजीका कुरा सुन्नुपर्नेछ ।' सभापति थापाले नागरिक किन रिसाए र कहाँ कमजोरी भयो भन्ने कुराको सामना गर्नुपर्ने बताएका छन् ।

निर्वाचनकै बेला आफ्ना एजेन्डा नागरिकमाझ पस्कने घोषणापत्र तयारीको काम अन्तिम चरणमा पुऱ्याएको कांग्रेसले जनाएको छ। विशेष महाधिवेनसँगै बदलिएको कांग्रेसको सन्देश पार्टीको चुनावी घोषणापत्रमा समेटिने नै छ। आमनेता कार्यकर्ता पनि सोही नारासहित गाउँ पुगेर पार्टीको पुरानो विरासत जोगाउँदै नयाँ मतदाता थप्ने प्रयत्नमा छ। यद्यपि कांग्रेसभित्रको अन्तरसंघर्ष, पुराना दलप्रतिको वितृष्णा र  नयाँ लहर फरक ढंगले दूरदराजसम्म फैलिनेक्रम जारी छ । यसै कारण कांग्रेसलाई साबिकको मत जोगाउन कठिन देखिन्छ । यद्यपि बिनाराजनीतिक दृष्टिकोणको ह्वीमलाई लामो समय थेग्न नसक्ने भएकाले त्यसको गन्तव्यमाथि उत्तिकै प्रश्न उठेको राजनीतिक वृत्तमा विश्लेषण भइरहेको छ ।

यसपटकका घोषणापत्रमा आमजनताप्रति आशा जगाउने र गर्न सक्ने एजेन्डा समेटिने नेताहरूले दाबी गरेका छन्। घोषणापत्र कोमामै रहँदा पनि चुनावी अभियानमा गाउँ केन्द्रित भएका नेता कार्यकर्ताले पार्टीले विगतका घटना र राजनीतिक परिवेशबाट पाठ सिक्दै बदलिएर आएको दाबी गरेका छन् । विशेष महाधिवेशनले पार्टीको नीति र नेतृत्व दुवै परिवर्तन गरेलगत्तै चुनावी मैदानमा उत्रिनुपरेको कांग्रेसको नयाँ नेतृत्वले टिकट वितरणमै ठुलो परिवर्तनको साहस देखाएका छन् । कतिपय पुराना, इमानदार र चुनाव जित्न सक्ने नेताहरू चुनावी मैदानमा नरहे पनि अधिकांश उम्मेदवार युवा समूहबाट छन् । यसले कांग्रेसमा एक तहको तरंग ल्याइदिएको छ।

मधेश प्रदेशबाट औपचारिक चुनावी अभियान थाल्ने तयारी गरेको कांग्रेसले फागुन ६ गते जनकपुरमा प्रदेशस्तरीय आमसभा गर्नेछ। सो कार्यक्रमलाई सभापति थापाले सम्बोधन गर्नेछन्। यसअघि माघ ५ मा रास्वपाले जनकपुरमा पहिलो चुनावी सभा गरेको थियो । कांग्रेसको जनमत तराई मधेशमै बढी रहेकाले त्यसलाई टार्गेट गरेर पार्टी सभापति थापाले नै मधेशको सर्लाही-४ बाट उम्मेदवारी दिएका छन् । उनको उम्मेदवारी केवल आफू मात्रै जित्नभन्दा पनि मधेशबाट कांग्रेसको विरासत फर्काउने योजना रहेको कांग्रेस उपसभापति पुष्पा भुसालले बताइन् । 'नेपाली कांग्रेसको बलियो जनधार तराई मधेश नै थियो,' उनले मध्यान्हसँग भनिन्, 'पछिल्लो समय कांग्रेसका नेताहरूकै सक्रियतामा क्षत्रीय दल बन्नेदेखि स्वतन्त्र उम्मेदवार हुनेसम्मको अवस्थाले केही मत विभाजन भएको थियो । अब सभापति गगन थापाको नेतृत्वमा कांग्रेस आइसकेपछि ती विभाजित मतलाई एकाकार गरेर कांग्रेसको नीति र विचारमा जोड्ने प्रयास भएको छ ।'

गत निर्वाचनहरूमा पुराना राजनीतिक दलहरूले नागरिकमाझ पुऱ्याइएका एजेन्डा आश्वासनमुखी मात्रै भएकाले त्यसको कार्यान्वायन हुन नसकेको विषयमा यसपटक नेताहरू सचेत रहेर जनताका दैनिक जीवन, सुशासन, सेवाप्रवाह, विदेश नीतिदेखि आर्थिक समृद्धिसम्मका योजना मिहिन ढंगले ल्याउने तयारी भएको कांग्रेसका प्रवक्ता देवराज चालिसेले बताए । घोषणापत्र लेखनको काम सभापति थापाकै नेतृत्वमा  छ । सभापति थापा आगामी सरकारको नेतृत्व गर्ने घोषणासहित चुनावमा गएकाले चुनावपछिको सरकारले केके गर्ने भन्नेसम्मको दृष्टिकोण घोषणापत्रमार्फत आउने प्रवक्ता चालिसेको भनाइ छ ।

विगतमा कांग्रेसमा असन्तुष्ट नेताहरू स्वतन्त्र बागी उम्मेदवार बन्ने गरेको भए पनि यसपटक असन्तुष्ट नेताहरू बागी वा स्वतन्त्र नभई अन्य पार्टीमा प्रवेश गरेर उम्मेदवार बनेका छन् । कांग्रेसबाट रास्वपामा प्रवेश गरेर उम्मेदवार बन्नेहरूको संख्या अधिक छ। केही नेताहरू एमालेमा समेत प्रवेश गरेका छन् । यस्तो अवस्थामा आफ्ना मतदातालाई रोकेर मात्रै कांग्रेसले विगतको साख जोगाउन सक्दैन । नयाँ मतदाता पनि आकर्षित गर्नुपर्ने कांग्रेसमाथि चुनौती छ ।

नेपालको निर्वाचन इतिहास कांग्रेससँग कुनै निर्वाचनमा तेस्रो भएको छैन । पहिलो आमनिर्वाचनमा दुई तिहाइ सिटमा जितेको कांग्रेसले कहिले पहिलो र कहिले दोस्रो  ठुलो दलको हैसियत कायम राखेको छ। यसपटक नयाँ नीतिसहित नयाँ नेतृत्व स्थापित गरे पनि साबिकको जनमत जोगाउन कांग्रेसलाई चुनौतीपूर्ण रहेको छ। यद्यपि कांग्रेसमा आएको परिवर्तनले जनमत बढाउने नयाँ एजेन्डा स्थापित भएको राजनीतिक विश्लेषक बताउँछन् । नेपालको दलीय इतिहासमै कांग्रेसमा सबैभन्दा ठुलो परिवर्तन आएको राजनीतिक विश्लेषक खगेन्द्र संग्रौलाले बताए। 'नेपाली कांग्रेसको इतिहासमै सबैभन्दा ठुलो परिवर्तन यसपटक भएको छ,' उनले भने, 'गगन थापाले कांग्रेस परिवर्तनको अभियान चलाउनुभएको छ । जुन कदम नेपालको दलीय इतिहासभरि सबैभन्दा जोखिमपूर्ण, सबैभन्दा साहसपूर्ण र सबैभन्दा दूरदर्शी कदम हो ।'

राजनीतिमा नयाँ र पुराना भनेर बनाइएको भाष्यसमेत गलत भएको संग्रौलाको टिप्पणी छ । 'पुरानाहरू एक समयमा नयाँ भएरै कालान्तरमा पुराना भएका हुन्,' संग्रौलाले भने, 'अहिले जसलाई नयाँ भनिएको छ, तिनीहरू नयाँ नभई पहिला नै पुराना भएका छन् । मुखले नयाँ भनेर नयाँ हुने होइन, संकल्प, कर्म र परिणामहरूले नयाँ सिद्ध गर्न सक्नुपर्छ। अहिले गगन थापाको नेतृत्वमा नेपाली कांग्रेसमा विधिवत् विद्रोह भएर जो नयाँ समूह बनेको छ, यही नै नयाँ हो ।' भोट बढाउने सन्दर्भमा पार्टीको घोषणापत्र आएपछि त्यसलाई विश्लेषण गरेर मतदाताले मत दिने उनको तर्क छ । 'पहिला कांग्रेसको घोषणपत्रमा अरू पार्टीहरू भन्दा फरक कुरा केके होलान् ? भनेर हेरिसके पनि त्यसलाई विश्लेषण गरेर मतदाताले मत दिनेछन् ।'

## रोकियो...

मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको व्यक्ति न्यायाधीश बन्न सक्छ। कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा १५ वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविदका रूपमा ख्याति प्राप्त गरेको व्यक्ति पनि न्यायाधीशका लागि योग्य हुन्छ। न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिने संवैधानिक व्यवस्था छ ।

तर अहिले निर्वाचन नजिकिएकाले न्यायाधीश नियुक्ति प्रक्रिया अगाढि बढ्न नसकेको हो । २१ फागुनमा निर्वाचन हुँदै छ । निर्वाचनका लागि आचारसंहिता लागू भइसकेको छ। यसबेला न्यायाधीश नियुक्तिका लागि न्यायपरिषद्लाई निर्वाचन आयोगले स्वीकृति नदिएको हो ।

## बिना...

निम्त्याउन सक्ने उल्लेख गरिन् । नोर्स्याहिरनले भनिन्, 'मानव संशाधन मन्त्रीद्वारा घोषणा गरिएको यो पहलले उच्च भर्ना लागत घटाउन र बिचौलियाहरूमाथि अत्यधिक निर्भरतालाई रोक्न मद्दत गर्न सक्छ, जसले लामो समयदेखि व्यवसायहरू, विशेषगरी सूक्ष्म, साना र मझौला उद्यमहरूलाई बोझ बनाएको छ ।'

मलेसियन एसोसिएटेड इन्डियन चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीले विदेशी कामदारहरूका लागि प्रत्यक्ष भर्ना प्रणाली लागू गर्ने घोषणाको स्वागत गरेको छ । यसले निर्माण, नवीकरणीय ऊर्जा, खाद्य सेवा र होटलजस्ता क्षेत्रहरूमा आउने कामदारमाथि एजेन्टहरूले भर्ना प्रक्रियामा लगाउने अत्यधिक शुल्कले सिर्जना गरेको समस्या समाधान गर्नसक्ने मलेसियन एसोसिएटेड इन्डियन चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीले बताएको छ । उसले विदेशी कामदार भर्ना गर्दा लेबी, हवाई भाडा, स्वास्थ्य परीक्षण र प्रशासनिक शुल्कहरूले धेरै कामदारहरू पहिले ऋणको बोझले मलेसिया पुग्ने चुनौतीहरू समाधान गर्न सक्ने बताएको छ।

अधिकांश रोजगारदाताले अनावश्यक बिचौलियाहरू हटाउनाले भर्ना लागत घटाउने, ढिलाइ कम गर्ने र पारदर्शिता बढाउन मद्दत गर्ने तथा प्रत्यक्ष भर्ना संयन्त्रमा रोजगारदाता र विदेशी कामदार दुवैलाई फाइदा पुग्ने टिप्पणी गरेका छन् ।

## पाठेघरको...

१६ र १८ प्रजातिबाटै हुने गरेको उनको भनाइ छ । चिकित्सकका अनुसार असुरक्षित यौन सम्पर्क, मुख मैथुन आदिबाट यो सर्न सक्छ । छालाको प्रत्यक्ष सम्पर्क अर्थात्, संक्रमित व्यक्तिको यौनांगको छालासँग अर्को व्यक्तिको छालाको घनिष्ठ सम्पर्क हुँदा सर्न सक्छ । यो भाइरस छालाको अति सूक्ष्म प्वालबाट छिर्न सक्छ ।

पाठेघरको मुखको क्यान्सरलाई निवारण गर्न विश्व स्वास्थ्य संगठनले तीनवटा स्वास्थ्य सेवाहरूको गन्तव्य निर्धारण गरेको छ । जसमा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप, उच्च गुणस्तरीय विधिबाट पाठेघरको मुखको परीक्षण र पाठेघरको मुखको क्यान्सर निदान भएका महिलाहरूको उपचार गरिन्छ। नेपालमा तीमध्ये दोस्रो र तेस्रो सेवा विगत लामो समयदेखि उपलब्ध गराइँदै आएकोमा गत वर्षदेखि यो रोगविरुद्धको एचपिभी खोप सुरु भएको हो । यो खोपले पाठेघरको क्यान्सर हुन नदिन ९५ देखि शतप्रतिशतसम्म प्रभावकारी भूमिका खेल्ने उनको भनाइ छ ।

डा. गौतमका अनुसार नियमित खोप कार्यक्रमअन्तर्गत कक्षा ६ मा अध्ययनरत सबै छात्रा तथा कुनै कारणवश विद्यालयबाहिर रहेका १० वर्ष उमेरका किशोरीलाई यस वर्षको एचपिभी खोप दिइँदै छ ।

साथै गत वर्ष सञ्चालन भएको एचपिभी खोप अभियानमा खोप लगाउन छुटेका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा तथा विद्यालय नजाने ११ देखि १४ वर्षसम्मका किशोरीलाई पनि यो वर्ष अन्तिम मौकाका रूपमा एचपिभी खोप दिइने उनले बताए। अत्यधिक चिसो तथा हिमपातका कारण केही हिमाली जिल्लाहरूमा भने यो कार्यक्रम चैत-वैशाखमा सञ्चालन गरिनेछ ।

**साउदीमा रोजगार**

कम्पनी: AL-MOUSSAWI TRADING AND CONTRACTING COMPANY
शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/१०/१३ चलानी नं.: ६०२५१३७०
LT. No.: 337756

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facilities Cleaning Worker | 23 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ३ गते (15 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**POWER SUPPORT EMPLOYMENT PVT.LTD.**
License No: 1710/081/082
Sinamangal-09, Kathmandu, Nepal, Ph No: +977-01-5922710, 9851154184, 9801155184,
Gmail: info@powersupport.com.np, poweremp33@gmail.com, Web: www.powersupport.com.np

# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### जफे, दोलखा

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१०/२५ गते**

यस कार्यालयको तपसिल बमोजिमको निर्माण कार्य गर्न ईच्छुक ईजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत रितपूर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको EGP Portal www.bolpatra.gov.np मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

(१) बोलपत्र सम्बन्धी अन्य शर्तहरू र विस्तृत सूचना www.tamakoshimun.gov.np मा हेर्न सकिने छ ।

(२) बोलपत्र फारम दाखिला अवधि सूचना प्रकाशन मितिले ३१ औँ दिन दिनको १२:00 बजे भित्र र बोलपत्र खोल्ने सोही दिनको २:00 बजे हुनेछ ।

(३) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

| सि.नं. | ठे.नं. | कामको विवरण | ल.ई. (भ्याट PS सहित) | जमानत रू. | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | (14/TRM/NCB/Works/BG/2082-083) | Malu Ambote Pokharel Ghat Sanrakshan. | 24,35,179.44 | 62,500 | 3,000/- |
| २. | (15/TRM/NCB/Works/B/2082-083) | Dolakha Jilla Tamakoshi Ga.Pa.4 Malu Basti Kalidevi Mandir Kshetrako Purbadhar Sudhar. | 24,35,599.20 | 62,500 | 3,000/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# MIRCHAIYA MUNICIPALITY
# OFFICE OF THE MUNICIPAL EXECUTIVE
### MIRCHAIYA, SIRAHA
### PROVINCE MADHESH,NEPAL

## Invitation For Bids (IFB):- 4-MM-2082/83

**First Publication Date : 2082/10/25 (Sunday, 8 February, 2026)**

1. Mirchaiya Municipality has allocated funds towards the cost of construction for the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bids are open to all eligible Nepalese bidders.
2. Mirchaiya Municipality Office of the Municipal Executive Mirchaiya, Siraha PROVINCE MADHESH,Nepal invites electronic bids form eligible bidders for following under national competitive bidding Some of the information is mentioned below, though the details are in the bidding documents.
3. A complete set of Bidding Documents may be downloaded from the PPMO e-Portal-WWW.Bolpatra.gov.np/egp(e-GP II) .

| S.N. | Contract ID. | Description of works | Key Qualification Required (Excluding vat) | Key Activities | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date Of Bid Submission | Last Date Of Bid Opening (Technical Bid) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 06-MM-NCB-Road Works-2082/83 | Upgrading and blacktopping of the Thana Chowk- Mirchaiya Municipality Office- Mohan Secondary School- Gudari Traders Market- Kanchanpur- Sitapur- Rajaiya road section | Turnover: - NRs 11,36,99,364.00<br>Experience: -At least One similar project (One Bituminous Road construction works.) have been successfully completed with value of : 3,53,73,135.00<br>Bid Capacity: - 7,95,89,554.00 | 1. Bituminous Asphalt Concrete: 425 cum per year<br>2. PCC or RCC M20 Grade or Richer works: Production Rate of 513 cum per year | 25,00,000.00 | 10,000.00 | Two Envelope Bidding Procedure | 2082/11/27 (Wednesday, 11 March, 2026) at 12:00 ) | 2082/11/27 (Wednesday, 11 March, 2026) at 13:00 ) |

4. Information to Deposit the Cost of Bidding Document and Bid Security.

| Description | Bank Name | Account Name | Account No. |
|---|---|---|---|
| For Cost of Bidding Document | NIC ASIA Bank, Mirchaiya Branch | GA 1.1- Antarik Rajashwa Khata | 0662050029387002 |
| For Bid Security | NIC ASIA Bank, Mirchaiya Branch | GA 3- Dharauti Khata | 6641498748524002 |

5. All documents required as mandatory in the bid document must be uploaded during e-submission. Failure to upload any of the mandatory documents shall result in the bid being considered non-responsive. (Eligibility Criteria: Can be Refer from Bid Document.)
6. The entire contract amount will be provided Only when Budget released from National Planning Commission, Nepal  (Sampurak Anudan) (i.e. Advance Payment, Running Bill, Final Bill, etc. all)
7. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**

### महेशपुर भन्सार क्वारेन्टाइन संरचनागत अभाव

# स्थायी पूर्वाधार अभावले राजस्व संकलन सुधारमा अवरोध

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २४ माघ

पश्चिम नवलपरासीको प्रमुख नाका महेशपुर भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/८३ को पहिलो सात महिनामा तोकिएको राजस्व लक्ष्य पूरा गर्न सकेको छैन । भन्सार कार्यालयका अनुसार सात महिनामा ९ करोड ३० लाख ७८ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकामा जम्मा ७ करोड ५५ लाख २४ हजार ७ सय ८ रुपैयाँ मात्र असुली भएको छ, जुन लक्ष्यभन्दा करिब १ करोड ७५ लाख रुपैयाँ कम हो ।




कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार भदौ र मंसिर महिनामा राजस्व संकलन लक्ष्य नजिक पुगे पनि कार्तिक र पुस महिनामा उल्लेख्य गिरावट देखिएको छ । विशेषगरी कार्तिक महिनामा १ करोड ६३ लाख ८२ हजार रुपैयाँ लक्ष्य तोकिएकोमा ८७ लाख २५ हजार रुपैयाँ मात्र संकलन भएको छ, जुन सात महिनाकै सबैभन्दा कमजोर अवस्था हो ।

आयात महसुलको स्थिति

भन्सार कार्यालयका अनुसार साउन महिनामा ५९ लाख ७८ हजार रुपैयाँ, भदौमा १ करोड ५४ लाख रुपैयाँ, असोजमा ५९ लाख रुपैयाँ, कार्तिकमा ५ लाख रुपैयाँ, मङ्सिरमा १ करोड २१ लाख रुपैयाँ र पुसमा ६९ लाख रुपैयाँ भन्सार महसुल संकलन भएको छ ।

साउन महिनामा १ करोड ५१ लाख ५३ हजार रुपैयाँ लक्ष्य तोकिएकोमा १ करोड ६४ हजार ५ सय ९७ रुपैयाँ संकलन भयो। भदौमा १ करोड ६२ लाख २९ हजार लक्ष्य रहेकामा १ करोड ५९ लाख ११ हजार ५ सय ४२ रुपैयाँ मात्र उठ्यो ।

असोजमा १ करोड ५७ लाख ७५ हजार लक्ष्य भए पनि संकलन १ करोड ९१ हजार ९ सय ५३ रुपैयाँमै सीमित रह्यो। कार्तिकमा लक्ष्य १ करोड ६३ लाख ८२ हजार रहेकामा जम्मा ८७ लाख २५ हजार २ सय ९७ रुपैयाँ मात्र संकलन भयो ।

मंसिरमा भने १ करोड ४७ लाख ९७ हजार लक्ष्यको तुलनामा १ करोड ८३ लाख ३२ हजार ६ सय ८३ रुपैयाँ संकलन भई लक्ष्य पार गरियो। पुसमा १ करोड ४७ लाख ४२ हजार लक्ष्य तोकिए पनि १ करोड २३ लाख ९८ हजार ६ सय ३६ रुपैयाँ मात्र उठेको छ ।

संरचनागत समस्या र आयात घट्दो

भन्सार कार्यालयका अधिकारीहरूका अनुसार आयातको मात्रा घट्नु, प्रक्रिया ढिलाइ हुनु र संरचनागत समस्या राजस्व संकलन कमजोर हुनुका मुख्य कारण हुन् । महेशपुर भन्सार कार्यालयमा स्थायी क्वारेन्टाइनको व्यवस्था नहुँदा व्यापारीहरू समस्यामा परिरहेका छन्। कृषि तथा पशुजन्य वस्तु आयात गर्दा क्वारेन्टाइन नहुँदा सामान रोकिएर बस्नुपर्ने, समय र लागत बढ्ने अवस्था रहेको व्यापारीहरूको गुनासो छ ।

भन्सार कार्यालयले पटक-पटक सम्बन्धित मन्त्रालयमा जग्गा व्यवस्थापन र क्वारेन्टाइन स्थापना गर्न प्रस्ताव पठाए पनि हालसम्म कार्यान्वयन हुन नसकेको जनाएको छ ।

राजस्व संकलन कमजोर बन्दै जाँदा लक्ष्य निर्धारण प्रक्रिया यथार्थपरक नभएको प्रश्नसमेत उठ्न थालेको छ । स्थानीय सरोकारवालाहरूका अनुसार व्यापारिक पूर्वाधार र सेवा क्षमताको मूल्यांकन नगरी लक्ष्य तोकिँदा भन्सार कार्यालय, व्यापारी र राज्य तीनै पक्ष प्रभावित भइरहेका छन् ।

सीमावर्ती नाकामा पूर्वाधारको खाँचो

विशेषज्ञहरूका अनुसार महेशपुर जस्तो सीमावर्ती नाकामा क्वारेन्टाइन, गोदाम तथा सरलीकृत सेवा प्रणाली विस्तार नगरेसम्म राजस्व संकलनमा सुधार आउन कठिन छ । पूर्वाधार अभावकै कारण औपचारिक व्यापार कमजोर भई अवैध कारोबार बढ्ने जोखिमसमेत देखिएको छ ।

महेशपुर भन्सारको सात महिनाको राजस्व तथ्यांकले सीमावर्ती नाकामा पूर्वाधार र नीति कार्यान्वयनबीचको दूरी उजागर गरेको छ । लक्ष्य हासिल गर्न संरचनागत सुधार, यथार्थपरक योजना र केन्द्र सरकारको सक्रिय हस्तक्षेप आवश्यक देखिन्छ ।

यद्यपि महेशपुर भन्सारको समस्या संसद भवन र लुम्बिनी प्रदेश सभामा जिल्लाका नेताहरूले पटक-पटक उठाए पनि ती आवाजहरू व्यवहारिक कार्यान्वयनमा पुग्न नसकेको स्थानीयको गुनासो छ ।

# अर्घाखाँचीमा चुनावी चहलपहल बढ्दै मतदातामा खेती जोगाउने चिन्ता



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २४ माघ

निर्वाचन नजिकिँदै जाँदा अर्घाखाँची जिल्लाका गाउँ-गाउँ र बस्तीहरूमा चुनावी गतिविधि तीव्र बन्दै गएका छन् । झण्डा, माइक र नाराबाजीभन्दा टाढा रहेर उम्मेदवारहरू मतदाताको घरदैलोमा पुग्दै आफ्ना एजेन्डा प्रस्तुत गरिरहेका छन् ।

तर उम्मेदवारहरू गाउँमा पुग्दा मतदाताहरूले उठाउने मुख्य चासो राजनीतिकभन्दा बढी दैनिक जीवनसँग जोडिएको समस्या बनेको छ । विशेष गरी बाँदर, बँदेल र दुम्सीबाट खेतीबालीमा हुने क्षति अहिले गाउँका मतदाताको प्रमुख चिन्ता बनेको छ । धेरै मतदाताहरू उम्मेदवारहरूसँग 'खेती जोगाउने स्थायी समाधान चाहिन्छ'भन्ने माग राखिरहेका छन् ।

अर्घाखाँचीमा यसपटक एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको छ । सो क्षेत्रमा एक महिलासहित १५ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । विभिन्न राजनीतिक दलका १२ जना र तीन जना स्वतन्त्र उम्मेदवार गरी सबै उम्मेदवारहरू अहिले मतदाता भेटघाटमा व्यस्त देखिन्छन् ।

नेकपा एमाले, नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट उम्मेदवारी दिएका नेताहरू लामो समयदेखि जिल्लाको राजनीतिमा सक्रिय रहँदै आएका परिचित अनुहार हुन् । यही कारण अर्घाखाँचीको निर्वाचनलाई यसपटक रोचक र प्रतिस्पर्धात्मक मानिएको छ । आगामी फागुन २१ गते हुने निर्वाचनको नतिजा कसको पक्षमा जान्छ भन्ने अनुमान गर्न मतदाताहरूलाई समेत कठिन देखिएको छ ।

विगतको चुनावी इतिहास हेर्दा अर्घाखाँचीमा राजनीतिक परिणामहरू समयअनुसार परिवर्तन हुँदै आएका छन् । संघीयता अघि दुई निर्वाचन क्षेत्र रहेको जिल्लामा अहिले एक मात्र क्षेत्र कायम छ ।

२०४८ र २०५१ सालको निर्वाचनमा नेपाली कांग्रेसले सफलता हासिल गरेको थियो भने २०५६ सालमा एमाले-राष्ट्रिय जनमोर्चाको तालमेलबाट एमाले विजयी भएको थियो। २०७४ मा माओवादी-एमाले गठबन्धनबाट टोपबहादुर रायमाझी विजयी भएका थिए । २०७९ को निर्वाचनमा पनि रायमाझीले एमालेबाट उम्मेदवारी दिँदै कांग्रेसकी पुष्पा भुसाल (गौतम) लाई पराजित गरेका थिए ।

यसपटक नेपाली कांग्रेसले जिल्लामा लामो समयदेखि सक्रिय तथा लोकप्रिय मानिएका विष्णुप्रसाद खनाल (मुस्कान)लाई उम्मेदवार बनाएको छ । नेकपा एमालेबाट दुईपटक जिल्ला अध्यक्ष बनेका पिताम्बर भुसाल चुनावी मैदानमा छन्। त्यस्तै, रास्वपाबाट हरिप्रसाद भुसाल, नेकपाबाट रामबहादुर चौहान, माओवादी केन्द्रबाट खिमबहादुर घर्ती उम्मेदवार रहेका छन् । स्वतन्त्रतर्फ पम्फा श्रेष्ठ एक मात्र महिला उम्मेदवार हुन् ।

# 'शिक्षा क्षेत्रमा दीर्घकालीन सोच र लगानी अपरिहार्य'

**धर्मेन्द्र कुमार कुर्मी/मध्यान्ह**
कपिलवस्तु, २४ माघ

कपिलवस्तुको विजयनगर गाउँपालिका-१ गुगौलीमा अवस्थित दूधाधारी नमुना माध्यमिक विद्यालयले आफ्नो ६८औं वार्षिकोत्सव तथा अभिभावक दिवस भव्य रूपमा मनाएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेश सांसद तथा पूर्व उद्योग, पर्यटन तथा यातायात मन्त्री जानकी प्रसाद यादवले यस क्षेत्रको शैक्षिक विकासलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यसहित भविष्यमा विश्वविद्यालय स्थापना गर्ने पहल गरिने बताएका छन् । उनले शिक्षा क्षेत्रमा दीर्घकालीन सोच र लगानी अपरिहार्य रहेको उल्लेख गर्दै दूधाधारी नमुना माविले पुऱ्याउँदै आएको शैक्षिक योगदान प्रशंसनीय रहेको बताए । साथै उनले विद्यालय प्रांगणको सौन्दर्यीकरणका लागि सांसदीय विकास कोषबाट २५ लाख रुपैयाँ सहयोग उपलब्ध गराउने घोषणासमेत गरे । कार्यक्रममा बोल्दै पूर्व मन्त्री अकबाल अहमद शाहले शिक्षा नै समृद्ध र सभ्य समाज निर्माणको मुख्य आधार भएको उल्लेख गर्दै विद्यालयको शैक्षिक तथा भौतिक विकासका लागि सबै सरोकारवाला एकजुट हुनुपर्नेमा जोड दिए ।



यस्तै विजयनगर गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले स्थानीय तहले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै आएको स्पष्ट पार्दै दूधाधारी नमुना माविलाई नमुना शिक्षालयका रूपमा विकास गर्न गाउँपालिका पूर्ण रूपमा प्रतिबद्ध रहेको बताए। उनले विद्यालय छाडेका (ड्रपआउट) विद्यार्थीलाई पुनः विद्यालयमा ल्याउने र टिकाइराख्ने योजनामा गाउँपालिका सक्रिय रहेको जानकारी दिए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले अभिभावक, शिक्षक र विद्यार्थीबीचको सहकार्यबाट मात्र गुणस्तरीय शिक्षा सम्भव हुने बताइन् । उनले शैक्षिक सुधारमा अभिभावकको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै घरमै बालबालिकाको पढाइका लागि अनुकूल वातावरण सिर्जना गर्न आग्रह गरिन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम प्रकट कोरीले विद्यालयको ऐतिहासिक पृष्ठभूमि, हालसम्मका उपलब्धी तथा भावी योजनाबारे जानकारी गराउँदै सबै सरोकारवालाको सहयोग र सहकार्यबाट विद्यालयलाई अझ सशक्त, प्रभावकारी र गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा विकास गरिने विश्वास व्यक्त गरे ।

विद्यालयका प्रधानाध्यापक सुग्रीव प्रसाद कोरीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयको शैक्षिक तथा भौतिक उपलब्धीबारे जानकारी गराएका थिए। यसै अवसरमा विद्यालयको शैक्षिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वहरूलाई सम्मानसमेत गरिएको थियो । कार्यक्रममा सहभागी वक्ताहरूले विद्यालय र अभिभावकबीचको सम्बन्धलाई अझ सुदृढ बनाउँदै शैक्षिक विकासका लागि सामूहिक प्रतिबद्धतासहित अघि बढ्नुपर्नेमा जोड दिए। साथै अभिभावकले पनि विद्यालयप्रति थप चासो र जिम्मेवारी लिनुपर्ने सुझाव व्यक्त गरिएको थियो ।

# साउदीबाट पीडित श्रेष्ठ परिवारलाई आर्थिक सहयोग



काठमाडौं/मस-वैदेशिक रोजगारीका सिलसिलामा साउदी अरबमा कार्यरत नेपालीहरूले नुवाकोटको एक पीडित परिवारलाई आर्थिक सहयोग गरेका छन् ।

नुवाकोटको बिदुर-१३ स्थायी घर भई साउदी अरबस्थित एफपीआई कम्पनीमा कार्यरत पदम नारायण श्रेष्ठकी धर्मपत्नी रेखा श्रेष्ठको अल्पायुमै भएको असामयिक निधनपछि शोकमा डुबेको परिवारलाई राहतस्वरूप उक्त सहयोग उपलब्ध गराइएको हो ।

दिवंगत रेखा श्रेष्ठका एक सानो छोरा र एक छोरी रहेका छन्। पत्नी वियोगको पीडा सेलाउन नपाउँदै पदम नारायण श्रेष्ठका बुबा बेग नारायण श्रेष्ठको टाउकोमा ट्युमर देखिएपछि हाल उपचाररत छन् । परिवारमाथि एकपछि अर्को गर्दै आइपरेका पीडादायी घटनाले श्रेष्ठ परिवार आर्थिक तथा मानसिक रूपमा गम्भीर संकटमा परेको बताइएको छ ।

यस कठिन परिस्थितिमा परिवारलाई केही राहत पुगोस् भन्ने मानवीय उद्देश्यका साथ साउदी अरबमा आर्थिक सहयोग अभियान सञ्चालन गरिएको थियो। एफपीआई साउदीमा कार्यरत कर्मचारीहरू, नेपाली साझा मञ्च साउदीका सदस्यहरू तथा विभिन्न क्षेत्रका शुभेच्छुकहरूको सक्रिय सहभागितामा संकलित कुल १ लाख ७५ हजार ५ सय ४ रुपैयाँ पीडित परिवारलाई मानवीय सहयोगस्वरूप हस्तान्तरण गरिएको छ ।

सहयोग हस्तान्तरणपछि नेपाली साझा मञ्च साउदीका अध्यक्ष अन्जान गुभाजुले सहयोग संकलन तथा सहयोग प्रदान गर्ने सम्पूर्ण दाताप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यस्तो मानवीय कार्यले प्रवासमा रहेका नेपालीहरूबीच आपसी सहकार्य, एकता र संवेदनशीलतालाई थप मजबुत बनाएको बताए ।

अध्यक्ष गुभाजुले बिरामी बेग नारायण श्रेष्ठको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुका साथै दिवंगत आत्माको चिरशान्तिको प्रार्थना गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गरे। प्रवासी नेपालीहरूको सामूहिक प्रयासबाट गरिएको यो सहयोगले संकटको समयमा 'नेपालीका लागि नेपाली'भन्ने भावनालाई पुनः सशक्त बनाएको विश्वास लिइएको छ ।

# वडाध्यक्ष बानियाँ र व्यवसायी जिसी मोना कतारमार्फत सम्मानित

**दोहा कतार/मस-** कतार भ्रमणमा रहेका म्याग्दी जिल्ला बेनी नगरपालिका ६ का वडाध्यक्ष कृष्ण सिंह बानियाँ र म्याग्दी प्रवासी नेपाली संघ(मोना) अन्तर्राष्ट्रिय कार्यकारी समितिका उपाध्यक्ष तथा बेलायतका स्थापित व्यवसायी किसान जिसी मोना कतारमार्फत सम्मानित भएका छन् । बिहीबार साँझ मोना कतारका अध्यक्ष बाबुराम भण्डारीको सभाध्यक्षता तथा वडाध्यक्ष बानियाँको प्रमुख आतिथ्यतामा सम्पन्न स्नेह मिलन तथा शुभकामना आदान-प्रदान कार्यक्रममार्फत मायाको चिनोसहित उनीहरू सम्मानित भएका हुन् ।



कार्यक्रममा बोल्दै व्यवसायी तथा उपाध्यक्ष जिसीले न्यून परिवारको मानिस भएको र आफू धनाढ्य व्यक्ति नभएको हुँदा आफू सन् २०१३ बाट मोना बेलायतमा आवद्ध रहँदै मोनाको यात्रा तय गरेको स्मरण गरे । आफ्नो दैनिक कार्यसँगै मोनामार्फत समाजसेवामा जोडिन पटक -पटक प्रयास गरेसँगै अहिले उपाध्यक्षमा रहेको बताउँदै मोनामा आफ्ना उतारचढावका बारेमा बोलेका थिए । अरू बेला मौन बस्ने तर महाधिवेशनका बेला तातिने मोनाका निवर्तमान अध्यक्षहरूका कारण सही ठाउँमा सही भिजन भएको मानिस पुग्न नसकिरहेको स्पष्ट पारे । सम्मान ग्रहण लगत्तै आफ्ना धारणा राख्दै प्रमुख अतिथि बानियाँले वडाध्यक्ष रूपमा जनतामा भिज्दै अगाडि बढेको बताउँदै भैंसीले किलो उक्काउँदा पनि जनतालाई समाधान निकाल्दिन सेकमा मात्र जनप्रिय बन्न सकिने धारणा राखे। बानियाँले आफ्नो राजनीतिक यात्रालाई बिट मारेर वैदेशिक यात्रा तय गर्नेतर्फ संकेत गरे । मोना कतार बहुउद्देश्यीय अक्षयकोषका अध्यक्ष विक्रम कार्कीले मिलेर समाजसेवा गर्ने हो, त्यसकारण कसैले पनि सामाजिक संस्थामा पैसाको दम्भ देखाउन नहुने बताए। कार्यक्रममा मोना कतारका संस्थापक अध्यक्ष लगायतका वक्ताहरूले आफ्ना धारणा राखेका थिए । वरिष्ठ उपाध्यक्ष देवी कँडेलले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव शिव खड्काले सहजीकरण गरेका थिए ।

कार्यक्रमलाई समापन गर्दै सभाध्यक्ष भण्डारीले मोनामार्फत जिल्लामा लगानी भित्र्याउन र मोनालाई विवादरहित सामाजिक संस्था बनाउन आवश्यक रहेको बताए ।

VACANCY
ANNOUNCEMENT
Looking For Smart, Energetic, Experienced & Dynamic Candidate For Following Job Position.
Receptionist -1 nos. (Female)
SALARY NEGOTIABLE
Requirement
- Bachelor's degree with relevant skills.
- Fluency in English.
- Minium 2 to 3 Yrs Experience in Manpower Field.
Interested candidates send your CV to documentalliancehuman@gmail.com
ahr Alliance Human Resources Pvt. Ltd.
Govt. Licence: 690/063/064
Sinamangal-9, Kathmandu, Nepal
Contact : 01-4578850, 4591791, 4462344
9801022569, Web: www.alliancenepal.com

Sudurpaschim Province Government
Ministry Of Physical Infrastructure Development
Water Resources and Irrigation Development Sub Division Office
Martadi, Bajura
Invitation for E-Bids
First Date Of Publication :- 2082-10-25 BS (2026-02-08) AD
A complete set of Bidding Documents and further information can be inspected by visiting the PPMO'S website www.bolpatra.gov.np/egp.

| IFB Number | Description of Works | Average Annual Construction Turnover | Bid Capacity NRS | Specific Experience Requirements | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|---|
| WRISDOBAJURA/ 14/2082-83 | Construction of Canal and Canal Structures in Materi Irrigation Sub-Project, Budhinanda Municipality-1, Bajura | 53.45 Million | 64.14 Million | As Stated in Section III EQC of Bid Document | 20,00,000 | 5,000.00 |

Sub Division Chief

मध्यान्ह
www.madhyanhadaily.com
२५ माघ २०८२ आइतबार
8 February 2026 Sunday

## सम्पादकीय

# न्यायाधीश नियुक्तिमा बल नगर

२१ फागुनको निर्वाचन आउन केही दिन बाँकी छ। यहीबेला न्यायपरिषद्ले न्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउन खोजेको खुलेको छ। न्यायपरिषद्ले यही माघ २१ गते १० जना जिल्ला न्यायाधीशको सरुवा सिफारिस र २० जनाको पदस्थापन गर्‍यो। यसकै वरिपरि न्यायाधीश नियुक्ति सिफारिस गर्ने न्यायपरिषद्को तयारी थियो। तर निर्वाचन आयोगले स्वीकृति दिए। निर्वाचनको दिन नजिकिएको र निर्वाचन आचारसंहिता लागू भइसकेको भनेर निर्वाचन आयोगले न्यायाधीश नियुक्ति गर्न नमिल्ने जवाफ न्यायपरिषद्लाई पठाएपछि यो विषय बाहिरिएको हो। २१ फागुनको निर्वाचनका लागि यही माघ चार गतेदेखि निर्वाचन आचारसंहिता लागू भइसकेको छ। तर १४ माघमा न्यायपरिषद्ले निर्वाचन आयोगलाई पत्र लेखेर न्यायाधीश नियुक्तिका लागि अनुमति मागेको देखिन्छ। जबकि निर्वाचन आचारसंहितामा आचारसंहिता लागू रहँदासम्म कुनै पनि संवैधानिक वा सरकारी निकायबाट नीतिगत तथा दीर्घकालीन प्रभाव पार्ने नियुक्ति प्रक्रिया अघि बढाउन नमिल्ने प्रावधान छ। यसलाई अनदेखा गरेर न्यायपरिषद् अगाडि बढ्न खोजेजस्तो देखिन्छ। जुन निर्वाचनको सम्मुखमा स्वभनीय व्यवहार होइन।

न्यायाधीश नियुक्ति कानुनी प्रक्रिया हो, यसमा विवाद छैन। संविधानले न्यायाधीश नियुक्ति गर्ने अधिकार न्यायपरिषद्लाई दिएको छ। यसकारण उसले न्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउनु उसको अधिकार र संवैधानिक तथा कानुनी क्षेत्राधिकार नै हो। तर प्रश्न कानुनले के गर्न मिल्छ ? भन्ने मात्र होइन, लोकतन्त्रले के अपेक्षा गर्छ ? भन्ने हो। निर्वाचन आचारसंहिता लागू भइसकेपछि राज्यका निकाय ठुलो असर पार्ने निर्णयबाट टाढा रहने अभ्यास छ। यतिबेला यो प्रश्न यसकारण गम्भीर छ कि- न्यायाधीश नियुक्ति सामान्य प्रशासनिक निर्णय होइन, यसले न्यायपालिकाको दिशा र सार्वजनिक विश्वासमा लामो समयसम्म प्रभाव पार्छ। जनमत परीक्षण अगाडि गरिने निर्णयको अपनत्व स्थापित हुनसमेत निर्वाचन कुर्नुपर्छ। ताकि जनताको मतअनुसार मुलुक अगाडि बढ्न सकोस्। अन्यथा निर्वाचनको मुखमा गरिएको नियुक्तिले, नियुक्त व्यक्ति जति नै योग्य भए पनि, नियत र निष्पक्षतामाथि शंका जन्मिन्छ।

निर्वाचनपछि अघि बढ्दा परिस्थिति फरक हुन्छ। ताजा जनमतबाट बनेको सरकार, नयाँ मन्त्रिपरिषद् र स्पष्ट राजनीतिक वैधताले गरिएका नियुक्ति लोकतान्त्रिक रूपमा बढी स्वीकार्य हुन्छन्। यसले शक्ति सन्तुलनको सम्मान पनि गर्छ र भविष्यमा अनावश्यक विवादको ढोका बन्द गर्छ। अदालतमा पद खाली छन्, मुद्दा थुप्रिएका छन्। यी समस्या समाधानका लागि निर्वाचनपछाडिको सरकार पनि जिम्मेवार हुने अवसर पाउँछ। किनभने प्रधानन्यायाधीशको नेतृत्वमा हुने न्यायपरिषद्मा कानुन न्याय तथा संसदीय मामिलामन्त्रीसमेत सदस्य हुन्छन्। अर्कोतिर निर्वाचन अगाडि न्यायाधीश सिफारिस भए संसदीय सुनुवाइ हुने अवस्था पनि छैन। प्रतिनिधि सभा विघटनको अवस्थामा रहेकाले संसदीय सुनुवाइ समिति आउन निर्वाचनको परिणाम आएर पनि केही समय लाग्छ। यसकारण कतैबाट निर्वाचन अगाडि न्यायाधीश नियुक्तिको प्रयास नहोस्।

# जेनजी विद्रोहका मुद्दा र भावी चुनौती

*जेनजी विद्रोहको मूल कारण सुशासनको गम्भीर अभाव, अनियमितताको संस्थागतकरण र प्रणालीगत भ्रष्टाचार नै हो। यसलाई छोडेर अन्य व्याख्या गर्नु कपोलकल्पित मात्र होइन, यथार्थबोधहीनताको पराकाष्ठा नै हो भन्ने स्पष्ट छ।*

**अग्रलेख**



● प्रा. डा. टंकनाथ धमला

धेरै सुनियो- गाई त बाँध्यो ढुंग्रोमा, मोही छैन, मोही छैन; गरिबको चमेली, बोल्दिने कोही छैन। पक्कै सुनेका होला नेपालका कैयन् राजनेताहरूले समेत। २००७, २०१७, २०३६, २०४६, २०५८ र २०६२ लगायतका विभिन्न राजनीतिक परिवर्तन र घटनाहरूलाई परिमार्जित गर्दै २०७२ मा संघीय गणतान्त्रिक नेपालको नयाँ संविधान आयो। स्वतन्त्र व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र संवैधानिक राज्य प्रमुखको ढाँचामा जातीय भेदभावको अन्त्य, लेख्न-बोल्न प्राप्त राजनीतिक र नागरिक अधिकार, जननिर्वाचित सरकार र प्रतिस्पर्धी आर्थिक संरचनानै यसका मुख्य उपलब्धिहरू थिए। केही पक्षका थोरै गुनासा भए पनि, आम जनता लिखित-मौखिक प्रतिबद्धताप्रति खुसी र आस्थावादी नै थिए। पार्टी र त्यसका नेतृत्वप्रति आस्थावान भएरै त जनताले २०४६ पछिका सबै निर्वाचनमा समर्पित हुँदै, उत्साहका साथ सहभागिता जनाउँदै गए।

सर्वसुलभ स्वास्थ्य र शिक्षाका अवधारणा संवैधानिक अङ्ग बने। जनताहरूमाझ समृद्धिपूर्ण नेपालका थप सपना प्रशस्त छरिए, भनिए र लेखिए। काठमाडौंलाई मेलम्चीले धुने, नेपाललाई घरी स्विट्जरल्यान्ड, घरी सिङ्गापुर बनाउने, निर्मल खोला काठमाडौंमा बगाउने र मेट्रोरेल निर्माण गर्ने जस्ता अनेकन महत्वाकांक्षी योजनामा जनता आश्वस्त गराइए। तर उल्टै लोकतन्त्र अघि पञ्चायतकालमै स्थापित कपडा, कागज, जुत्ता, इट्टा, चुरोट, चिनी जस्ता कारखानाहरूलाई राज्यले अभिभारा लिनुपर्नेमा निरुत्साहित गर्दै बन्द गरिए। लोकतन्त्रमा औद्योगिकीकरणमा निजी क्षेत्रको सहभागिता सकारात्मक हुने भए पनि यसको पूर्वाधार तयार नभइसकेको कुरा विश्लेषण गरिएन। शिक्षा र स्वास्थ्यमा राज्यको मूल दायित्व हुनुपर्ने संवैधानिक व्यवस्था हुँदाहुँदै, प्रारम्भिक चरणमै सरकारी भूमिकालाई बेवास्ता गर्दै निजी क्षेत्रमा पूर्ण भरोसा राखियो।

अनेक ऋण बेहोर्दै विकासका केही प्रयास पनि भए, केही सकारात्मक त केही अपूर्ण र अपरिपक्व। बाटो, पानी, ढल, रोजगारी बिना, मापदण्ड विपरीत तीव्र शहरी विस्तारबाट भोलीको भार बढ्न सक्ने ख्याल गरिएन। राम्रो हो, गाउँठाउँमा सडक, पानी, बिजुली, सूचना तथा संचार विस्तार गरियो, तर समयमै सुरक्षा, स्वास्थ्य र रोजगारीको सोचप्रति अभावका कारण विश्वकै सुन्दर पहाडी नेपाली भेग खाली हुँदै गयो। गाउँ-सहर पर्याप्त व्यापार विस्तार, यथोचित बजार व्यवस्थापन र स्थानीय शिप तथा ज्ञानको उपयोग हुने साना उद्योगका अवधारणा अघि नबढ्दा, गाउँ-सहर व्यापार सञ्जाल सफल हुन सकेन र कृषि बजारसमेत प्रभावित भई गाउँ उजाड बन्न पुगे। राम्रो हो, बिकट स्थानमा विद्यालय खुल्दै गए, भौतिक संरचना थपिँदै गए, तर तिनको उचित व्यवस्था भएको देखिएन। हावी राजनीतिले समाजलाई विभक्त गर्ने र शिक्षा प्रणालीलाई प्रभावित गर्ने काम पनि एकसाथ गरे।

बिना उच्च शिक्षाका मापदण्ड दर्जनौं विश्वविद्यालय खुल्दै गए, जसमध्ये धेरैले त विश्वविद्यालयको रूप लिनै सकेनन्। विश्वविद्यालयहरू औद्योगिक क्रान्ति र राष्ट्रिय समृद्धिको मार्ग प्रशस्त गर्न सक्ने पर्याप्त जनशक्ति उत्पादनका थलो बन्न सकेनन्। राज्यले तिनीहरूलाई प्रयोग गर्न पनि सकेन। गम्भीर समस्या राष्ट्रसेवक, बुद्धिजीवी, प्रविधिकहरूको फाँटो गराइ, संघ-संस्थाहरू भागबन्डाको आधारमा आफ्नाहरूलाई राम्रा भन्दै तिनको नेतृत्वमा जिम्मा लागाइयो। अधिकांश संस्था निश्चित प्रणालीमा चल्नुको सट्टा केवल कार्यकर्ता प्रबर्द्धनका केन्द्रहरू बने, जसको असर तल तलसम्म पर्ने नै भयो। परिणाम स्वरूप, संस्थागत मेरिटोक्रेसी निकै नै कमजोर र हतोत्साही हुँदै गयो, योग्यताको कदर हुन छोड्यो र जतासुकै राजनीतिक उद्योग फस्टाउँदै गयो। फलतः बेरोजगार भविष्यको आंकलन गरेको सिर्जनशील शैक्षिक युवा र रोजगारमुखी जनशक्ति विदेशिन उत्प्रेरित हुँदै गयो। जनताहरू परिवर्तनहरूको श्रृंखलामा सहभागी हुँदै, भोग्दै र सजग हुँदै गए। उनले नेतृत्वदायीहरूका हिजो र आजका सुख-सुविधा, घर-घडेरी, परिवहन-स्वास्थ्य सुविधा सँग आफ्ना रित्ता घरहरू, उजाड पाखाहरू, अस्पतालका एक्ला बेड र परदेशिएका सन्तानको तुलना गरे। सुन्दर भूमि उल्टै रित्ता जमिन र अनुत्पादक जनशक्तिको थलो बन्न पुग्यो। कतिपय बुद्धिजीवी वर्ग सत्ता-लिप्त रहे पनि कतिपय बुद्धिजीवीले यो अवस्था गलत दिशातर्फ गइरहेको छ भन्ने बहस समयमै चलाएका थिए। परदेशी-स्वदेशी युवाहरूले बेलैमा यस्तो नहोस् भन्ने कामना गर्दै आएका थिए। सचेत पनि गराएका थिए। तिनलाई व्यापक जनसमर्थन बढ्दै गएको देखिन्थ्यो। जिम्मेवार नेतृत्वमा बस्नेहरूले यसलाई समयमै आत्मसात नगर्दा सञ्चित जनआक्रोश जेनजी विद्रोहमार्फत प्रतिबिम्बित भयो। राज्यबाट गरिएको गलत प्रतिवादका कारण नेपाली आमाहरूले काख गुमाउनु पर्‍यो, तिनका परिवारको संसार अन्धकार बन्यो र राज्यले होनहार युवा गुमायो। सहन र मूल्य चुकाउन नसकिने अन्धकारमय इतिहास बन्यो।




कुनै पनि समस्याको पचास प्रतिशत समाधान त्यहीँ भइसकेको हुन सक्छ, जब यसको पहिचान सही ढंगले गरिन्छ। समस्या स्पष्ट छ- सत्ता पक्ष र जनताबिचको बुझाइ र भोगाइमा देखापरेको बढ्दो खाडल। अब टड्कारा प्रश्नहरू अगाडि छन्। हिजो पूर्ण विश्वास गरिएकाहरूमा आज पनि जनताले विश्वास गर्न सक्ने पर्याप्त आधार के हुन सक्छन् र कसरी निर्वाण होलान् ? अतीतमा भएको के होला, भरपर्दा योजनाको कमी की इमान्दारी कार्यान्वयनमा खडेरी ? आफूलाई मात्र पूर्ण राष्ट्रवादी र जिम्मेवार देख्नुले समाजको अग्रगमनप्रति अलि बढी नै अंकुश लगाउन, अविश्वास र अल्प मूल्यांकन गर्न खोजेको हो कि भन्ने हुँदैन होला ? पहिचान, परिवर्तन र दिगो भविष्यका लागि लामो समय खर्चित गर्दै आएका समूह, संस्था र व्यक्तिहरूले इतिहासलाई राम्रोसँग मूल्यांकन गरी, सम्भवत भविष्यको दिशा पुनः निर्धारण गर्नु पर्ने देखिन्छ। शिक्षा, प्रविधि र अनुसन्धानका उचित अवसर र वातावरण पाउँदा नयाँ विचार र पुस्ता अघिल्लोभन्दा अझ बढी दक्ष, सिर्जनशील, सक्षम र प्रभावकारी बन्नुपर्ने भन्ने वैज्ञानिक सत्यता बुझ्न आवश्यक छ। मानव विकास र राजनीतिमा पनि यही सिद्धान्त लागु हुनुपर्छ। यो नयाँ विचार र पुस्तामाथि अनेकन कुतर्क थोपर्नु, हिनाउनु र कम आकलन गर्नु आफ्नै सन्तानलाई आफैंले विश्वास नगर्नु र पछाडि धकेल्नु जस्तै हुन्छ। तिनबाट अधिकतम योगदानको अपेक्षा गर्नु एक सभ्य समाजको न्यूनतम कर्तव्य हुन्छ। वैज्ञानिक अग्रगमन यही हुनु पर्छ। आज नेपाली समाजले यिनमा विश्वास गरी यही आशा गरेको हो कि जस्तो देखिन्छ। यसर्थ, नयाँ पुस्ताले गम्भीरतापूर्वक इतिहासको अध्ययन र मनन गरी आफ्नै र सन्तानको भविष्य निर्धारणका चुनौतीहरू समाधान गर्न योजनाबद्ध, संगठित र प्रतिबद्ध हुनु नितान्त आवश्यक छ।

### नमागिएका सुझाव र जनअपेक्षाहरू

१. जनता सधैँ अन्धकारमय अन्धभक्त र अबुझ हुँदैनन् कि उनीहरू सधैँ शासित र सत्तासेवारत रहून्। नेपाललाई समृद्ध राष्ट्रका रूपमा रूपान्तरण गर्न स्थायी सरकार र संघ-संस्थाहरू निश्चित, न्यायोचित, स्वतन्त्र, निष्पक्ष, बौद्धिक तथा मेरिटोक्रेटिक पद्धतिमा सञ्चालन हुन अपरिहार्य छ, ताकि राज्य सत्ता, शक्ति, भक्ति र भ्रष्टाचारको माध्यम नबनोस्। सत्ता सञ्चालनमा 'आफ्ना र अर्का' भन्ने विभेदकारी सोच संस्थागत गर्दै गुटगत, समूहगत र नातेदारी असक्षमताको वर्चस्व स्थापित गर्ने, उल्टै राज्यले नचिनेका तर राज्यलाई चिनेका प्रभावशाली विज्ञको उच्चतम उपयोग गर्नुको सट्टा तिनको हुर्मत लिँदै ऊर्जाशील नागरिकलाई पलायनतर्फ धकेल्ने प्रवृत्ति सबैका लागि हानिकारक हुनेछ।

> *कुनै पनि समस्याको समाधान त्यहीँ भइसकेको हुन सक्छ, जब यसको पहिचान सही ढंगले गरिन्छ। अहिले समस्या स्पष्ट छ- सत्ता पक्ष र जनताबिचको बुझाइ र भोगाइमा देखापरेको बढ्दो खाडल।*

२. राजनीति न त कमाउ-खाऊको औद्योगिक कम्पनी हो न त कसैको स्थायी सत्ता स्वामित्व; यो त मूलतः सार्वजनिक सेवाधर्म हो भन्ने बोध अनिवार्य रूपमा बुझ्न र आत्मसाथ गर्न अनिवार्य छ। जेनजी विद्रोहको मूल कारण सुशासनको गम्भीर अभाव, अनियमितताको संस्थागतकरण र प्रणालीगत भ्रष्टाचार नै हो। यसलाई छोडेर अन्य व्याख्या गर्नु कपोलकल्पना मात्र होइन, यथार्थबोधहीनताको पराकाष्ठा नै हो भन्ने स्पष्ट छ। युवा हुन् वा वयस्क, सबैले बुझ्ने स्पष्ट भाषामा सुशासन र भ्रष्टाचारमुक्त सत्ताको नेतृत्व अपरिहार्य छ, जसले गम्भीर जेनजी विद्रोहले उदाङ्गो पारेको आर्थिक-सामाजिक पीडा र मर्मलाई निर्णायक रूपमा सम्बोधन गर्न सक्षम हुनेछ। अन्यथा, जनआकांक्षा पूरा गर्न नसक्ने नेतृत्व फेरि पनि अवश्यम्भावी रूपमा जनताका तिरस्कारको सिकार हुनेछ।

३. जननिर्वाचित सरकारको प्रथम चुनौतीपूर्ण कार्य सुशासनको स्थापना हुनुपर्छ। यसको अभिप्राय सम्मानजनक, न्यायोचित, आदर्श शासन प्रणालीको स्थापना गर्नु र भ्रष्टाचारबाट जोडिएका अकुल सम्पत्ति फिर्ता ल्याई जनकल्याणको हितमा प्रभावकारी उपयोग गर्नु हो। दोस्रो महत्वपूर्ण प्रतिबद्धता हुनुपर्छ : बाध्यतावश वैदेशिक रोजगारीमा रहेका कामदार तथा विज्ञहरूलाई स्वदेशमै बसोबास गर्दै आफ्नो सीप, क्षमता र दक्षताको पूर्ण उपयोग गर्न सक्ने अनुकूल वातावरणको सिर्जना गर्नु। यो उद्देश्य प्राप्तिका लागि देशको भौगोलिक स्थिति, वातावरणीय चुनौती तथा जलवायु परिवर्तन, राष्ट्रिय प्राकृतिक स्रोत र विश्वव्यापी प्रवाहसँग समन्वय गर्दै राष्ट्रलाई औद्योगिकीकरणतर्फ अगाडि बढाउनु पर्नेछ। अब सुशासन तथा भ्रष्टाचारमुक्त राज्यसत्ता, क्षमतावान्ले सञ्चालन गर्ने संघ-संस्था तथा उद्योग र रोजगारमुखी समाजको भरपर्दो प्रमाणसहितको घोषणापत्रमात्र विश्वासयोग्य हुनेछ।

## इतिहासमा आज

८ फेब्रुअरी १९९३ मा इरानको कुड्स नजिकै इरान एयर टुर्सको टुपोलेभ टु-१५४ र इरानी वायुसेना सुखोई सु-२४ विमान ठोक्किएर भएको दुर्घटनामा दुवै विमानमा सवार सबै १३३ जनाको मृत्यु भएको थियो।



८ फेब्रुअरी २०१० मा अफगानिस्तानको हिन्दुकुश पर्वतमा आएको आँधीले हिमपहिरोको श्रृंखला निम्त्याएपछि २ माइल (३.२ किलोमिटर) भन्दा बढी सडक पुरिएको थियो। जसमा कम्तिमा १७२ जनाको मृत्यु भएको थियो भने २ हजार भन्दा बढी फसेका थिए।



८ फेब्रुअरी २०१३ मा उत्तरपूर्वी संयुक्त राज्य अमेरिका र क्यानडाका केही भागहरूमा हिमपातले कम्तिमा १८ जनाको मृत्यु भएको थियो भने लाखौं मानिसहरू बिजुलीविहीन भएका थिए।



८ फेब्रुअरी २०१४ मा साउदी अरबको मदिनामा रहेको एक होटलमा आगलागी हुँदा १५ जना इजिप्टियन तीर्थयात्रीको मृत्यु भएको थियो भने १३० जना घाइते भएका थिए।



# राजनीतिमा सामाजिक सञ्जालको प्रभाव

**विचार**



● शंकरमान सिंह

> *नेपालमा फेसबुक, टिकटक, एक्स जस्ता सामाजिक सञ्जालको प्रयोग उच्च छ। युवापुस्तामा यसको प्रभाव सबैभन्दा बढी देखिन्छ। तर, यही सञ्जालमा सत्य होइन, मिथ्याहरुको बाढी छ।*

नेपालको लोकतान्त्रिक यात्रामा सामाजिक सञ्जालको प्रभाव पछिल्ला केही दशकमा तीव्र रूपमा बढेको छ। गणतन्त्र घोषणा भएपछिका पहिलो संविधानसभा निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग सीमित थियो। दोस्रो संविधानसभा निर्वाचनसम्म आइपुग्दा फेसबुक र ट्विटरले शहरी युवाहरूलाई सक्रिय बनाइसकेको थियो। संघीय निर्वाचनमा सामाजिक सञ्जालले उम्मेदवारको छवि निर्माणमा निर्णायक भूमिका खेलेको देखियो। पछिल्लो केही वर्षयता टिकटक, युट्युब, फेसबुक लाइभजस्ता माध्यमहरूले प्रचारको स्वरूप नै बदलिदिए।

सामाजिक सञ्जालको प्रयोगले तीन प्रमुख प्रभाव पारेको छ। पहिलो, उम्मेदवारको छवि निर्माण, जहाँ फेसबुक पेज, ट्विटर ह्याण्डल, टिकटक भिडियोमार्फत उम्मेदवारहरूले आफ्नो लोकप्रियता बढाउने प्रयास गरे। दोस्रो, जनमत प्रभावित गर्ने, जहाँ सामाजिक सञ्जालमा भाइरल हुने सामग्रीले मतदाताको सोच बदल्ने काम गरेको छ। र तेस्रो, गलत सूचना फैलाउने, जसले फेक न्यूज, हेट स्पीच र अफवाहका माध्यमबाट मतदातालाई भ्रमित बनाएको छ।

नेपालको राजनीतिक यात्रा फेरि एक निर्णायक मोडमा पुगेको छ। आमचुनावका लागि प्रमुख दलहरूले आफ्ना घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेका छन्। तर घोषणापत्र मात्र पर्याप्त छैन; देशलाई दीर्घकालीन दिशा दिन मौद्रिक नीति, वैदेशिक सम्बन्ध, ऊर्जा व्यापार, र उत्पादनशील लगानीमा स्पष्ट दृष्टि आवश्यक छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले सुशासन र पारदर्शितालाई प्राथमिक एजेन्डा बनाउने योजना प्रस्तुत गरेको छ। नेपाली कांग्रेसले संघीयता सुदृढीकरण र सामाजिक न्यायलाई प्रमुख प्राथमिकता दिएको छ, भने एमालेले ऊर्जा निर्यात र औद्योगिक विस्तारलाई केन्द्रमा राख्ने भनाइ राखेको छ। यी सबैका घोषणामा भिन्नता भए पनि एक साझा चिन्ता भने एउटै छ- देशलाई आर्थिक स्थिरता र विकासको बाटोमा कसरी अघि बढाउने ?

अर्थतन्त्रको अवस्था गम्भीर छ। बैंकहरूमा ऋणयोग्य कोष प्रशस्त भए पनि लगानीको वातावरण कमजोर छ। रेमिट्यान्सले उपभोग धानेको छ, तर उत्पादनशील क्षेत्रमा लगानी न्यून छ। यसले नेपाललाई लिक्विडिटी ट्र्याप जस्तो अवस्थामा पुऱ्याएको छ। यसबाट बाहिर निस्कन सरकारलाई राजकोषीय नीतिको सक्रिय प्रयोग, कृषि-उद्योगमा लगानी, र ऊर्जा निर्यातलाई प्राथमिकता दिनैपर्छ।

वैदेशिक सम्बन्धमा नेपालले सन्तुलन कायम राख्नुपर्छ। भारतसँग ऊर्जा व्यापार र सीमा सुरक्षा, चीनसँग बीआरआई परियोजना र पूर्वाधार विकास- यी दुबैलाई सँगै अघि बढाउन सक्ने नै नेपालका लागि उपयुक्त देखिन्छ।

ऊर्जा व्यापार नेपालका लागि दीर्घकालीन उद्धारको उपाय हो। भारतसँग २५ वर्षे सम्झौताअनुसार १० हजार मेगावाट बिजुली निर्यात गर्ने योजना छ। चीनसँग पनि रसुवागादी-नुवाकोट मार्ग हुँदै व्यापार विस्तार भइरहेको छ। यदि नेपालले ऊर्जा निर्यातलाई व्यवस्थित गर्न सक्यो भने व्यापार घाटा घटाउन सक्नेछ। सँगै, भारत-चीनसँगको व्यापार घाटा नेपालका लागि दीर्घकालीन चुनौती हो। आयात बढ्दै गएको छ भने निर्यात न्यून छ। यसलाई घटाउन निर्यात विविधीकरण, कृषि-उद्योग उत्पादन वृद्धि र ऊर्जा निर्यात अपरिहार्य छन्।

तर, नेपालको भविष्य घोषणापत्रमा मात्र होइन, कार्यान्वयनमा निर्भर छ। दलहरूले वाचा गरेका योजनाहरू व्यवहारमा उतार्न सके भने मात्र देश आर्थिक स्थिरता र विकासको बाटोमा अघि बढ्नेछ। घोषणापत्रले दिशा देखाउँछ, तर दिशा मात्र देखाएर पुग्दैन- त्यो बाटोमा हिँड्ने साहस र प्रतिबद्धता चाहिन्छ।

भारतमा सामाजिक सञ्जालको प्रयोग चुनावी राजनीति परिवर्तन गर्ने प्रमुख कारक बनेको छ। २०१९ को लोकसभा निर्वाचनलाई हेर्दा, डिजिटल प्रचारमा भारी लगानी गरिएको थियो। अमेरिकामा २०१६ को राष्ट्रपति निर्वाचन सामाजिक सञ्जालको प्रभावको सबैभन्दा चर्चित उदाहरण हो। फेसबुक र ट्विटरमार्फत गलत सूचना फैलियो, 'क्याम्ब्रिज एनालिटिका' विवादले डेटा प्रयोगको संवेदनशीलता उजागर गर्‍यो। २०२० मा पनि सामाजिक सञ्जालले ध्रुवीकरणलाई बढावा दियो। ब्राजिलमा व्हाट्सएपले ग्रामीण मतदातालाई प्रभावित गर्‍यो। फेक न्यूजको व्यापक प्रयोगले जनमतलाई भ्रमित बनायो।

नेपालमा फेसबुक, टिकटक, एक्स जस्ता सामाजिक सञ्जालको प्रयोग उच्च छ। युवापुस्तामा यसको प्रभाव सबैभन्दा बढी देखिन्छ। तर, यही सञ्जालमा सत्य होइन, मिथ्याहरुको बाढी छ। जसले आमलाई प्रभावित बनाइरहेको छ। युवाहरूले प्रत्यक्ष संवाद गर्न सक्ने भए। उम्मेदवारको गतिविधि सार्वजनिक हुने भएकाले पारदर्शिता बढेको छ। तर यससँगै फेक न्यूज, हेट स्पीच, ध्रुवीकरणको समस्या पनि बढेको छ। समाजलाई विभाजित गर्ने प्रवृत्ति देखिएको छ। निजता उल्लंघन भएको छ–डेटा संकलन र प्रयोगमा पारदर्शिता अभाव रहेको छ।

नेपालले अन्य मुलुकबाट सिक्नुपर्ने कुरा भनेको डिजिटल साक्षरता बढाउने, तथ्य-जाँच गर्ने संयन्त्र बलियो बनाउने र सामाजिक सञ्जाल नियमनलाई पारदर्शी बनाउने हो। निर्वाचन आयोगले नीतिगत सुधार गर्दै सामाजिक सञ्जाल प्रयोगलाई जिम्मेवार बनाउनुपर्ने आवश्यकता छ। अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ कि सामाजिक सञ्जाललाई नियमन नगरे लोकतन्त्र कमजोर हुन्छ। त्यसैले नेपालले डिजिटल साक्षरता, तथ्य-जाँच, र पारदर्शी नीतिहरूलाई प्राथमिकता दिनुपर्छ।

## सामाजिक सञ्जाल



**तारानाथ दाहाल**

जेनजी आन्दोलनका कारण समय बाँकी रहेको प्रतिनिधि सभा विघटन भएकोले फागुन २१मा चुनाव हुन लागेको हो। चुनाव अगाडि नै सो आन्दोलनको दमन र त्यसपछिको अराजकतामा भएको अपराध बारे सत्य-तथ्य जनताले थाह नपाए मत कसरी छनौट गर्ने ? अनि सो आन्दोलनका माग र दलका घोषणापत्र नदाँजी, कसरी केका लागि मत दिने ?




**सूर्यराज आचार्य**

नेताका लागि राजनीतिक मैदान आदर्श र अनुभवको पाठशाला पनि हो। क्रियाशील राजनीतिले विवेकी नेतालाई 'झुसिल्किरा'बाट 'पुतली' बनाउन सक्छ। तर हामीकहाँ भने सबै क्याटगोरीका नेताको चालढाल हेर्दा झुसिल्किराबाट पुतली हैन, कोही ख्याउटे, कोही झन् मोटो र बडेमानको झुसिल्किरा बन्दै गएको देखिन्छ।



**केशव प्र. भट्टराई**

व्यक्तिको सम्मान र स्वतन्त्रताको रक्षा प्रजातन्त्रको प्राण तत्व हो भन्ने मान्यतामाथि साइबर अतिवादीविरुद्ध प्रहरी गुहारेर मात्र होइन स्वयं सामाजिक सञ्जालका सदस्यहरूले पनि त्यस्तालाई ठाउँका ठाउँ ब्लक गरिदिए पनि त त्यस्ता अतिवादीहरूको आतंक कम हुन्थ्यो होला !



**बाबुलाल भण्डारी**

'अनुभवी'लाई भोट दिनुपर्छ, भन्ने तर्क पनि छ ! तर अचम्म यो छ कि मित्रहरूले भ्रष्टाचार, १० पटक नागरिकता ऐन संशोधन, प्रोटोकल बिर्सेर दूतको सेवा टहल, सम्पदा बिक्री, एमसिसी, महाकाली वा अरू के कुरामा हो, खुलाएनन्। अब ५ वर्ष न्याय, सुशासन, भ्रष्टाचार निवारण र बेथितिको सफाइ नै काफी छ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ। - सं.

# कतारमा मनाइयो सोनाम ल्होछार



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २४ माघ

साँझको करिब पौने छ बजेसम्म मुन्तजा नजिकको पर्लिङ् स्कुलको सभा हल हजारौं दर्शकले भरिएका मात्र थिएनन्, उननीहरूले नेपालबाट कतारसम्म आएका लोकप्रिय लोक तथा सेलो गायक संगीतकार विश्व दोङको प्रस्तुतिका लागि प्रतीक्षा गरिरहेका थिए । शुक्रबार साँझको त्यो पर्खाइको घडीलाई अन्त्य गर्दै दोङ स्टेज चढेर दर्शकलाई ढोग्दै पूर्वको तामाङलाई दुख्दा पश्चिमको तामाङलाई पनि दुख्नु पर्छ भन्दै सांगीतिक ढोका खोल्दै डेढ घण्टा प्रस्तुती दिए ।

नेपाल तामाङ घेदुङ प्रवास कार्यसमिति कतारले शुक्रवार सोनाम ल्होछारको अवसरमा आयोजना गरेको बृहत् सांस्कृतिक कार्यक्रममा प्रस्तुति दिएका दोङले आफ्नो वैदेशिक सांगीतिक यात्रा कतारबाट सुरु भएको र १२ वर्षपछि दोस्रो पटक कतार आउन पाएकोमा खुसी व्यक्त गर्दै आयोजकप्रति आभार व्यक्त गरे ।

उनले नेपालको आसन्न चुनावप्रति लक्षित गर्दै राम्रो नेता चुन्न परिवारमा सुझाव दिन र छुट्टी मिलेसम्म नेपाल पुगेर राम्रा प्रतिनिधि चुन्न समेत आग्रह गरे । उनले तामाङ सेलो, पूर्वेली भाकासहित म्हेन्दोमायादेखि पछिल्लो समयको उनको ट्रेण्डीङमा रहेको साइँलो म चार घरे र केराको पातले भुइँ छुन्छसम्म गाएर दर्शकलाई मजैले नचाए । उनको प्रस्तुतीमा पाहुना, आयोजक तथा दर्शक झुमेका थिए ।

तामाङ समुदायको महान् पर्व मञ्जुश्री संवत् २८६२ ता ल्हो (घोडा वर्ग) सोनाम ल्होछार कार्यक्रममा नेपालबाट आमन्त्रित चर्चित म्हेन्दोमाया गायिका मिना लामाले आफ्ना सांगीतिक प्रस्तुती राखिन् ।

उनले आयोजकप्रति आभार व्यक्त गर्दै तामाङ भाषाका गीतमा छमछमी नचाइन् । कतारमा रहेका दर्जनौं कलाकारहरूले तामाङ सेलो, ताम्बा नाच, घोडा नाच, म्हेन्दोमाया लगायत विभिन्न नेपाली तथा तामाङ भाषाका गीतमा प्रस्तुती दिएका थिए । निकै व्यवस्थित रूपमा लोभ लाग्दो उपस्थितिबीच घेदुङ प्रवास कार्यसमितिले सोनाम ल्होछार भव्य रूपमा मनाएको हो ।

घेदुङ प्रवास कार्यसमितिका अध्यक्ष फुर्बा ग्याबा तामाङको अध्यक्षता तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठको प्रमुख आतिथ्यता सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि श्रेष्ठले ऐतिहासिक कार्यक्रममा प्रत्यक्ष सहभागी भएर कार्यक्रमको अवलोकन गर्न पाउँदै खुसी लागेको बताउँदै भव्य कार्यक्रम आयोजना गरेर सफलता पूर्वक सम्पन्न गरेकोमा घेदुङ प्रवास समिति धन्यवादको पात्र बनेको बताउँदै ल्होछारको शुभकामना दिए ।

कलाकारका प्रस्तुतिमा छमछमी नाचेका श्रेष्ठले आदिवासीहरूमध्येका मुख्य जात जो नेपालको पहाडी भेगमा बहुसंख्यक रूपमा रहेको बताउँदै कतारमा तामाङहरूमा देखिएको दुई धार छिट्टै एक धारमा फर्कने विश्वास व्यक्त गरे ।

कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिको आतिथ्यता रहेको कार्यक्रममा एनआरएनए एनसीसी कतारका अध्यक्ष कृष्ण पन्थीको एक मात्र शुभकामना रहेको थियो ।

जनजाति समुदायको परम्परा अनुसार घेदुङलाइ नेपाल आदिवासी जनजाति महासंघमा आबद्ध रहेका मातृसंस्थाहरूले सद्भाव प्रकट गर्दै सगुन स्वरूप (कोसेली) उपहार प्रदान गरेका थिए । कार्यक्रम संयोजक दिल कुमार स्याङ्बो तामाङले स्वागत मन्तव्य राखेको कार्यक्रममा सोनाम ल्होछारका बारेमा संस्थापक अध्यक्ष योगेन्द्र ल्हो तामाङले प्रकाश पारेका थिए । महासचिव रामबहादुर पाख्रिन तामाङ, उप-महासचिव विनय बोम्जन तामाङ र सपना घलान तामाङले मिलेर सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति लामाले कार्यक्रमको व्यवस्थापन, सुरक्षा तथा स्वयंसेवकका रूपमा खट्ने, सहयोगी, प्रायोजक र उपस्थित सम्पूर्णलाई कार्यक्रम सफलताको श्रेय दिँदै समापन गरेका थिए ।

शुक्रबार साँझ नै पाहुना कलाकारद्वय दोङ् र लामालाई मायाको चिनो र सम्मान पत्रले सम्मान गर्दै संस्थागत बिदाइ गरिएको छ । लामा गुरुहरूबाट सङ सरग्याम गर्दै सुरु भएको कार्यक्रमलाई झाकी प्रदर्शनी, राष्ट्रिय गान, मौन धारण ब्यानर अनावरण, दीप प्रज्वलन, स्वागत नृत्य, तामाङ जागरण गीतसहित उद्घाटन गरिएको थियो । कतार सरकारबाट अनुमति लिएर आयोजना गरिएको कार्यक्रमको हललाई तामाङहरूले आफ्नो संस्कार अनुसार धर्ज्युले शद्धीकरण गरेका थिए । कार्यक्रममा आमन्त्रित अतिथिसहित प्रत्येक व्यक्तिलाई प्रवेशद्वारमा नै खादा लगाएर स्वागत गरिएको थियो । हलको ग्राउन्डमा राखिएका कुर्ची अतिथि र दर्शकले भरी भराऊ भएको थियो ।

हजारौं उपस्थित रहेको कार्यक्रममा खाना पानीको समेत व्यवस्था चुस्त रूपमा गरिएको थियो । उपस्थितमध्ये तामाङ समुदायका मानिस परम्परागत भेषभूषामा सजिएका थिए । दिउसोको करिब २ बजेबाट सुरु भएको कार्यक्रमको रौनक रातको करिब ८ बजेसम्म नै चलिरह्यो । प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन मनाइने ल्होछार मुसा, गाई, बाघ, खरायो (बिरालो), ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा सोनाम ल्होछारलाई विभाजन गरी मनाउने गरिन्छ । ल्होछारका १२ वटै वर्ष पशु पन्छीको नामबाट गणना गरिएकाले यस समुदायलाई प्रकृति पूजक मानिन्छ । भिक्टोरिया गोल्ड एण्ड डाइमन्डले मुख्य प्रायोजन गरेको कार्यक्रममा घेदुङ्कै भातृसंस्थाहरु नेपाल तामाङ महिला घेदुङ, युवा घेदुङ, सांस्कृतिक घेदुङ, ताम्बा घेदुङ र लामा घेदुङ सह आयोजकका रूपमा रहेका छन् । मध्यान्ह राष्ट्रिय दैनिक उक्त कार्यक्रमको सञ्चार सहयोगीका रूपमा रहेको थियो ।

# युनाइटेड फुटबल क्लब साउदीको अध्यक्षमा कुमाल

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी, २४ माघ

साउदी अरबमा नेपाली समुदायबीच स्थापित र लोकप्रिय खेलकुद संस्था युनाइटेड फुटबल क्लबले आफ्नो ११औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न गरेको छ । वार्षिकोत्सवको अवसरमा आयोजित समीक्षात्मक कार्यक्रमले आगामी कार्यकालका लागि ओम बहादुर कुमालको अध्यक्षातामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ । साउदीको दम्मामस्थित सिहातमा शुक्रबार सम्पन्न कार्यक्रमले क्लबलाई नयाँ नेतृत्व प्रदान गरेको हो । नवनिर्वाचित अध्यक्ष कुमालको नेतृत्वमा गठित समितिमा सुरेश जीमी र धर्मप्रसाद भट्टराई वरिष्ठ उपाध्यक्ष चयन भएका छन् ।



त्यस्तै, उपाध्यक्षहरूमा सुनिल गुरुङ, गाम गुरुङ, कुमार तामाङ, पवन चौधरी, कुमार गुरुङ, राजु मगर र सन्तोष चोङवाङ रहेका छन् । क्लबको महासचिवमा कमल लो तामाङ, सचिवमा सन्दीप राई र सहसचिवमा अभि तामाङ चयन भएका छन् । कोषाध्यक्षको जिम्मेवारी विजय लिम्बू र अन्जान ठकुरीले पाएका छन् ।

कार्यसमिति सदस्यहरूमा राम पुरी, सन्तोष शुब्बा, सुनित चौधरी, रोसन राई, राजु मगर, नबिन राई, राजकुमार लिम्बू, राजेन्द्र लिम्बू, लक्ष्मु मगर र नबिन हिस्कि मगर चयन भएका छन् । क्लबको प्रमुख संरक्षकमा राजेन्द्र अर्याल, प्रमुख सल्लाहकारमा युवराज गुरुङ तथा सल्लाहकारहरूमा पुरुषोत्तम नेउपाने र मनोज धिमाललाई चयन गरिएको छ । सोही अवसरमा क्लबले आफ्नो यात्रामा निरन्तर साथ दिने विभिन्न क्षेत्रका सहयोगी, शुभचिन्तक तथा समाजसेवीहरूलाई विशेष सम्मान गरेको छ । क्लबको प्रगतिमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई मायाको चिनो र सम्मान पत्र प्रदान गरिएको थियो । नवनिर्वाचित अध्यक्ष ओमबहादुर कुमालले क्लबले साउदीमा रहेका नेपाली युवाहरूलाई खेलकुदका माध्यमबाट एकताबद्ध बनाउने अभियानलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमका वक्ताहरूले युनाइटेड फुटबल क्लबले प्रवासमा नेपाली पहिचान जोगाउन र सकारात्मक सामाजिक सन्देश प्रवाह गर्न खेलकुदलाई पुलको रूपमा प्रयोग गरेको भन्दै प्रशंसा गरेका थिए । आगामी दिनमा फुटबलका गतिविधिसँगै सामाजिक उत्तरदायित्वका कार्यहरूलाई समेत थप उचाइमा पुऱ्याउने क्लबको लक्ष्य रहेको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/२५**

**ओभरसिज नेपालीज इन्भेष्टमेन्ट क. लि (Overseas Nepalese Investment Company Limited)** को मिति २०८२/०९/२७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **ओनिक होल्डिंस् लि (Onic Holdings Ltd) (दर्ता नं. १५३६४४)** कायम गर्ने गरी मिति २०८२/१०/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/२५**

**कामाद कलेज प्रा. लि (Camad College Pvt. Ltd)** को मिति २०८२/०९/२८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **इटन कलेज प्रा. लि (Eton College Pvt. Ltd) (दर्ता नं. ६०७९९)** कायम गर्ने गरी मिति २०८२/१०/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**चंखेली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिप्लाङ्, हुम्ला**

**बोलपत्र आवहान सम्बन्धीको सुचना सच्याईएको सुचना**

मिति २०८२/०९/२९ गते मिसन टुडे राष्टिय दैनिकमा पत्रिकामा ठेक्काको नाम Procurement of Material for Chankheli Aadharbhut Bidhyalaya Furniture Kharid Tatha Saikshik Sudhar Karyakram को प्रकाशित सुचनामा ठेक्का नं. CRM/NCB/GOODS/S/03-2082/083 र बैंक जमानत रकम रु. ६०००० हुनुपर्नेमा अन्यथा भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकिय अधिकृत**



**राहदानी हराएको सूचना**

मिति २०८१/१०/०६ गते काठमाडौं को बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नामः KASI RAM KAMI**
**पुरानो राहदानी नं.: 09449695**
**ठेगानाः TALETRA, ANNAPURNA 4, KASKI**
**सम्पर्कः 9803872012**



**Free Visa Free Ticket कुवेतमा वैदेशिक रोजगारीको अवसर**

कम्पनी : **DSV CONTRACT LOGISTICS FOR WAREHOUSING CO. S.P.C** शहर : **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८२/१०/२३ चलानी नं.: ६०२५१९५९ **LT. No.: 338488**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver/Driver | 25 | 0 | सम्बन्धित काममा दक्ष | 230 | १,०८,५८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Delivery Helpers/Werehouse | 25 | 0 | | 130 | ६१,३७५ | | | | | | | |
| 3. | Labor/helper Indore | 23 | 0 | | 130 | ६१,३७५ | | | | | | | |
| 4. | Storekeeper Helper | 125 | 0 | | 130 | ६१,३७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ३ गते (15 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**KATHMANDU OVERSEAS PVT. LTD.**
बसुन्धारा, काठमाडौं, फोनः ४५४५३९५, ४५४५३९६ । Email: kathmandumanpower@gmail.com, www.kathmanduoverseas.com, Mobile No : +977 9861774715 / 9865202177 / 9843390554



**नविल बैंक लिमिटेडबाट फोन लोन उपभोग गरेका तपसिलमा उल्लेखित ऋणीहरुको नाममा जारी ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ (पैंतिस) दिने सुचना**

**(प्रकाशित मितिः २०८२/१०/२५)**


यस नविल बैंक लि. बाट फोन लोन/कर्जा उपभोग गरिरहनु भएका तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट प्राप्त गरेको फोन लोन/कर्जा उपभोग गरे वापत बैंकलाई तोकिएको भाका अवधि भित्र तोकिएको तरिका बमोजिम गरी तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा बैंकको नीति, नियम बमोजिम जे जो लागेको वा लाग्ने हर्जाना ब्याज, अन्य दै-दस्तुर समेतको रकम तिर्न बुझाउन बैंकको तर्फबाट पटक-पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी बैंकमा सम्पर्क समेत नगर्नु भएको हुँदा यो **ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ (पैंतिस) दिने सुचना** प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकको कर्जा असुली विभागमा सम्पर्क राखि तपाईं ऋणीहरुले उपभोग गर्नु भएको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर बापतको रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला । अन्यथा, नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन, परिपत्र, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम तपाईं ऋणीहरुको नाम कर्जा सुचना केन्द्र लि. को कालोसुचीमा सुचिकृत गरिने तथा कर्जा असुलीसाग सम्बद्ध अन्य आवश्यक कानुनी कारवाहीहरु गरी बैंकको लेना बक्यौता कर्जा रकम असुल उपर गरिने ब्यहोरा सम्बन्धित सबै लाई जानकारी गराउँदछौं ।

| | | |
|---|---|---|
| १. नामः हरि विश्वकर्मा<br>बाबुः जुठे कामी भन्ने जे आर बि.क<br>बाजेः बिर्गे बहादुर<br>नागरिकता नं.: ४३-०१-७४-०४२१३ - तनहुँ<br>स्थायी ठेगानाः व्यास-११, तनहुँ | २. नामः शम्भु प्रसाद चौधरी भौर<br>बाबुः रुन्दी लाल भौर<br>बाजेः मोती लाल भौर<br>नागरिकता नं.: ९१३/७८१- सुन्सरी<br>स्थायी ठेगानाः इन्रुवा-०५, सुन्सरी | ३. नामः दिपक कुमार सहनी<br>बाबुः योगेन्द्रललाल सहनी<br>बाजेः हरि सहनी<br>नागरिकता नं.: ३३-०१-७५-०१५३३ - बारा<br>स्थायी ठेगानाः प्रसौनी-०१, बारा |
| ४. नामः आयुष राना भाट<br>बाबुः होमराज भाट<br>बाजेः दल बहादुर राना भाट<br>नागरिकता नं.: ३६-०२-७५-०७९४६ - नवलपरासी<br>स्थायी ठेगानाः बुलिङटार-०२, नवलपरासीं | ५. नामः सलमान हुसने अंसारी<br>बाबुः ईस्ताज हुसेन अंसारी<br>बाजेः कमरदिन हुसेन अंसारी<br>नागरिकता नं.: ३४१०२५/५०९ - पर्सा<br>स्थायी ठेगानाः चोर्नी-०९, पर्सा | ६. नामः एलेक्स माझी<br>बाबुः दिनेश कुमार माझी<br>बाजेः देव बहादुर माझी<br>नागरिकता नं.:०५-०२-७२-०२१५६ - मोरङ्ग<br>स्थायी ठेगानाः पथरी शनिश्चरे-१४, मोरङ्ग |
| ७. नामः श्याम कृष्ण अधिकारी<br>बाबुः चेतनाथ अधिकारी<br>बाजेः जय नारायण अधिकारी<br>नागरिकता नं.: ०५-०२-७४-०१०९७ - मोरङ्ग<br>स्थायी ठेगानाः पथरी शनिश्चरे-०३, मोरङ्ग | ८. नामः गुडु यादव<br>बाबुः प्रेम चन्द्र प्रसाद यादव<br>बाजेः भगवान राउत अहिर<br>नागरिकता नं.३४-०१-७२-०३९९७ - पर्सा<br>स्थायी ठेगानाः वीरगंज-२३, पर्सा | ९.नामः प्रदिप चन्द<br>बाबुः करन बहादुर चन्द<br>बाजेः नारायण चन्द<br>नागरिकता नं.: ७५-०१-७६-०५२९३ - कन्चनपुर<br>स्थायी ठेगानाः कृष्णपुर-०२, कन्चनपुर |
| १०. नामः निर्मला देवी<br>बाबुः कृष्ण ठाकुर शर्मा<br>बाजेः रामलाल शर्मा<br>नागरिकता नं.: ३४१०६८/५९- पर्सा<br>स्थायी ठेगानाः सुनैढवा-०४, पर्सा | ११. नामः गोरव कार्की<br>बाबुः रमेश बहादुर काकी<br>बाजेः विष्णु बहादुर कार्की<br>नागरिकता न.: १८-०५-८०-००९९१ - महोत्तरी<br>स्थायी ठेगानाः बर्दिबास-०१, महोत्तरी | १२. नामः भीम प्रसाद शर्मा<br>बाबुः दिवाकर शर्मा<br>बाजेः बलीराम शर्मा<br>नागरिकता नं.:७५०१२/९४४२-कञ्चनपुर<br>स्थायी ठेगानाः बेलडाडी-०१, कञ्चनपुर |
| १३. नामः संदीप थापा<br>बाबुः राजकपुर थापा<br>बाजेः रघु नन्दन थापा<br>नागरिकता नं.: २७१०६०/१२६७९-काठमाण्डौ<br>स्थायी ठेगानाः काठमाण्डौ-१६, काठमाण्डौ | १४. नमः आर्जन पोखरेल<br>बाबुः देवी प्रसाद पोखरेल<br>बाजेः नित्य नन्द पोखरेल<br>नागरिकता नं.:३१-०१-६९-०७५४६ - मकवानपुर<br>स्थायी ठेगानाः हेटौंडा-०९, मकवानपुर | १५. नामः बिमल गुरुङ्ग<br>बाबुः गंग बहादुर गुरुङ्ग<br>बाजेः दिल बहादुर गुरुङ्ग<br>नागरिकता नं.: ५२-०१-६९-०५३१५-दाङ<br>स्थायी ठेगानाः घोराही -१०, दाङ |
| १६. नामः दिप्सन चौलागाई<br>बाबुः ओम प्रसाद चौलागाई<br>बाजेः गोविन्द प्रसाद पाण्डे<br>नागरिकता नं.:३०-०१-७४-०९०३५-काभ्रेपलानचोक<br>स्थायी ठेगानाः चौरीदेउराली-०४, काभ्रेपलाञ्चोक | १७. नामः हरि दाहाल<br>बाबुः याम बहादुर दाहाल<br>बाजेः काजीमान दाहाल<br>नागरिकता नं.:०५१००६/३५०-मोरङ<br>स्थायी ठेगानाः ईन्द्रपुर-०८, मोरङ | १८. नामः सुदिप कुमार शाह<br>बाबुः बृज मोहन प्रसाद साह<br>बाजेः जवहिर शाह<br>नागरिकता नं.:३३१०९३/३३८८०-बारा<br>स्थायी ठेगानाः मटिअर्वा-०९,बारा |
| १९. नामः पुस्कर बहादुर घिमिरे<br>बाबुः पुर्ण बहादुर घिमिरे<br>बाजेः दिल्ली प्रसाद घिमिरे<br>नागरिकता नं.:३१-०१-७८-०१९९९- मकवानपुर<br>स्थायी ठेगानाः मकवानपुरगढी-०५, मकवानपुर | २०. नामः रोशन श्रेष्ठ<br>बाबुः कृष्ण प्रसाद श्रेष्ठ<br>बाजेः शिव नारायण श्रेष्ठ<br>नागरिकता नं.:३२५-काभ्रेपलाञ्चोक<br>स्थायी ठेगानाः बनेपा-१०, काभ्रेपलाञ्चोक | २१. नामः शंकर ओखेडा<br>बाबुः नरजिते ओखेडा<br>बाजेः गुन्टुरे ओखेडा<br>नागरिकता नं.:७१-०१-७५-०३२१८-वझाङ्ग<br>स्थायी ठेगानाः वित्थडचिर-०९, वझाङ्ग |
| २२. नामः नकेन्द्र ऐडी<br>बाबुः अजुर्न ऐडी<br>बाजेः जोरे ऐडी<br>नागरिकता नं.:६१-०१-७६-००००५-कालीकोट<br>स्थायी ठेगानाः पचालझरना-०७, कालीकोट | २३. नामः सुरज पाण्डेय<br>बाबुः गिरीराज पाण्डेय<br>बाजेः ईश्वरी प्रसाद पाण्डेय<br>नागरिकता नं.:३६१०६९/५०१- नवलपरासी<br>स्थायी ठेगानाःरामग्राम-०३, नवलपरासी | २४. नामः कविता कुमारी पटेल<br>बाबुः मोतीलाल प्रसाद कुर्मी<br>बाजेः जङ्ग बहादुर कुर्मी<br>नागरिकता नं.:३३३०८९/१०३- बारा<br>स्थायी ठेगानाः बहुअरी-०२, बारा |
| २५. नामः सुरज सुवेदी<br>बाबुः होम प्रसाद सुवेदी<br>बाजेः शन्त लाल सुवेदी<br>नागरिकता नं.:०५-०१-७१-३२४१७ -मोरङ्ग<br>स्थायी ठेगानाः विराटनगर-१५, मोरङ्ग | २६. नामः सुजन लामा<br>बाबुः बिर बहादुर लामा<br>बाजेः चन्द्र बहादुर थिङ<br>नागरिकता नं.३१३०३७/३९१-मकवानपुर<br>स्थायी ठेगानाः दामन -०७, मकवानपुर | २७. नामः उमेश कार्की<br>बाबुः रबि कार्की<br>बाजेः ठुले बहादुर कार्की<br>नागरिकता नं.:२९-०१-७१-०४०४३ - भक्तपुर<br>स्थायी ठेगानाः सूर्यविनायक-१३, भक्तपुर |
| २८. नामः अब्दुल मोइज शेष<br>बाबुः अब्दुल मोईद शेष<br>बाजेः अब्दुल लतिफ शेष<br>नागरिकता नं.: ३८-०१-७७-०५४०२- कपिलवस्तु<br>स्थायी ठेगानाः मायादेवी-०२, कपिलवस्तु | २९. नामः बिक्रम कुमार जयसवाल<br>बाबुः मनोज प्रसाद जयसवाल<br>बाजेः चन्द्देश्वर चौधरी<br>नागरिकता नं.: १९१०३१/२२७- सर्लाही<br>स्थायी ठेगानाः कौडेना-०३, सर्लाही | ३०. नामः मिलन कुवँर<br>बाबुः अक्कल बहादुर कुवँर<br>बाजेः धिर्क बहादुर कुवँर<br>नागरिकता नं.: ७१-०१-७२-०१६६० -वझाङ्ग<br>स्थायी ठेगानाः बुंगल.-०६, वझाङ्ग |
| ३१. नामः रुपेश नगरकोटी<br>बाबुः गोपी नगरकोटी<br>बाजेः कृष्ण बहादुर नगरकोटी<br>नागरिकता नं.२५-०१-७५-०४८१३- नुवाकोट<br>स्थायी ठेगानाः विदुर-१०, नुवाकोट | ३२. नामः अविनाश शर्मा<br>बाबुः रामप्रसाद फुयाँल<br>बाजेः किष्ण प्रसाद फुयाँल<br>नागरिकता नं.: २७१०६०/४२२६७ - काठमाडौं<br>स्थायी ठेगानाः काठमाडौं-१६, काठमाडौं | ३३. नामः सुमन पटेल<br>बाबुः नेमीलाल राउत कुर्मी<br>बाजेः शंकर राउत कुर्मी<br>नागरिकता नं.:३४१०२२/६०९७ पर्सा<br>स्थायी ठेगानाः वीरगन्ज-०१, पर्सा |
| ३४. नामः रमेश पौडेल<br>बाबुः दुर्गादत्त पौडेल<br>बाजेः गंगाधर पाध्याय .<br>नागरिकता नं.:५११००१/३४५- पर्वत<br>स्थायी ठेगानाः आर्थरडाँडाखर्क-०७, पर्वत | ३५. नामः चन्द्र नाथ योगी<br>बाबुः राम नाथ योगी<br>बाजेः शिव चरण योगी<br>नागरिकता नं.: ५९२३३-कैलाली<br>स्थायी ठेगानाः चुहा-०८, कैलाली | ३६ नामः अमृत के.सी.<br>बाबुः वालाराम के.सी.<br>बाजेः शेर बहादुर के.सी.<br>नागरिकता नं.:५२२०३८-२७९७-दाङ<br>स्थायी ठेगानाः धनौरी-०६, दाङ |
| ३७. नामः निरा थापा मगर<br>बाबुः हस्त बहादुर लहायो<br>बाजेः सन मान लहायो<br>नागरिकता नं.:१६-०१-७३-००६६३- सप्तरी<br>स्थायी ठेगानाः राजविराज-०८, सप्तरी | ३८. नामः शेख सविर<br>बाबुः शेख गुन्जार<br>बाजेः शेख खुदिन<br>नागरिकता नं.: ३५५ -रौतहट<br>स्थायी ठेगानाः ब.जिगडिया-०१, रौतहट | ३९. नामः महेश कुमार यादव<br>बाबुः रज्जु यादव<br>बाजेः राम अवतार यदाव<br>नागरिकता नं.: १७१०९४/१३६-धनुषा<br>स्थायी ठेगानाः रमदैया भवाडी-०१, धनुषा |
| ४१. नामः सन्तोष खत्री<br>बाबुः खड्ग बहादुर खत्री<br>बाजेः चन्द्र बहादुर खत्री<br>नागरिकता नं.: ३३२०७९/३४७८७ - बारा<br>स्थायी ठेगानाः भ.जितपुर-०४,बारा | ४१. नामः विर बहादुर लामा<br>बाबुः चन्द्र बहादुर लामा<br>बाजेः धन बहादुर लामा<br>नागरिकता नं.: १८६८/७७०९० - नुवाकोट<br>स्थायी ठेगानाः मदानपुर-०९, नुवाकोट | ४२. नामः राजेश आचार्य<br>बाबुः बिष्णुशरण आचार्य<br>बाजेः हरि प्रसाद आचार्य<br>नागरिकता नं.: ६६-०६-७८-००४१२-बाँके<br>स्थायी ठेगानाः कोहलपुर-०२, बाँके |
| ४३. नामः विवेक कुमार मिश्र<br>बाबुः गम्भीर कुमार मिर्श्र<br>बाजेः बैधनाथ मिश्र<br>नागरिकता नं.:१८-०१-७२-०५७५५-महोत्तरी<br>स्थायी ठेगानाः सहोडवा-०५ महोत्तरी | ४४. नामः सुधन सुवेदी<br>बाबुः रामहरी सुवेदी<br>बाजेः कमल बहादुर सुवेदी<br>नागरिकता नं.: २८-०१-०६५-००१३६-ललितपुर<br>स्थायी ठेगानाः इमाडोल-०४ ,ललितपुर | ४५. नामः कोपिल चौधरी<br>बाबुः माधुराम चौधरी<br>बाजेः जनजिरु चौधरी<br>नागरिकता नं.:५२२०१०-२९०-दाङ<br>स्थायी ठेगानाः लमही-०५, दाङ |
| ४६. नामः निराजन सिंह<br>बाबुः मिन बहादुर सिंह<br>बाजेः सिध्धु सिंह<br>नागरिकता नं.७१-०१-७०-०२३४०- बझाङ्ग<br>स्थायी ठेगानाः लुयाँटा-०४, बझाङ्ग | ४७. नामः अनिल दहाल<br>बाबुः कृष्ण प्रसाद दहाल<br>बाजेः टिकाराम दहाल<br>नागरिकता नं.: २२१०४१-३०२-दोलखा<br>स्थायी ठेगानाः काब्रे-०७, दोलखा | ४८. नामः इश्वर राय<br>बाबुः दिल बहादुर राय<br>बाजेः बम बहादुर राय<br>नागरिकता नं.: २१-०१-७७-०४६७२-रामेछाप<br>स्थायी ठेगानाः सुनापती-०४, रामेछाप |
| ४९. नामः केशव ढकाल<br>बाबुः तुल्सी प्रसाद ढकाल<br>बाजेः हरि दत्त ढकाल<br>नागरिकता नं.: ६६१०३८/१०२- बाँके<br>स्थायी ठेगानाः सीतापुर -०३, बाँके | ५०. नामः हिरा लाल कमार साह<br>बाबुः खोभारी साह सोनार<br>बाजेः शिगेश्वर साह<br>नागरिकता नं.:३२२०९६/११-रौतहट<br>स्थायी ठेगानाः रमौली वैरिया-०९, रौतहट | ५१. नामः अविशेक श्रेष्ठ<br>बाबुः कृष्ण कुमार श्रेष्ठ<br>बाजेः टिकाराम श्रेष्ठ<br>नागरिकता नं.: ७५२०२०/६४०- कन्चनपुर<br>स्थायी ठेगानाः त्रिभुवनबस्ती-०१, कन्चनपुर |

| | | | |
|---|---|---|---|
| ५२. नामः शान श्रेष्ठ<br>बाबुः रोशन श्रेष्ठ<br>बाजेः कृष्ण प्रसाद श्रेष्ठ<br>नागरिकता नं.: ३०१०५१/१६२८४२-काभ्रेपलाञ्चोक<br>स्थायी ठेगानाः बनेपा-१० काभ्रेपलाञ्चोक | ५३. नामः सुजन श्रेष्ठ<br>बाबुः राम कुमार श्रेष्ठ<br>बाजेः प्रेम वहादुर श्रेष्ठ<br>नागरिकता नं.:४४४१००७/६०८-गोरखा<br>स्थायी ठेगानाः बोर्लाङ-०३, गोरखा | ५४ नामः श्यामबाबु चौधरी<br>बाबुः राम विलास साह<br>बाजेः मिश्रिलाल साह<br>नागरिकता नं.: ९२७-रौतहट<br>स्थायी ठेगानाः भलोहिया-०८, रौतहट | ५५. नामः पार्वती देवी मुखिया<br>बाबुः केलु मुखिया<br>बाजेः जनकलाल मुखिया<br>नागरिकता नं.: ४१०-सुनसरी<br>स्थायी ठेगानाः औरबारी-०१, सुनसरी |

**NABIL BANK**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# रहेनन् सुनिल थापा



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ माघ

नेपाली चलचित्र क्षेत्रका वरिष्ठ कलाकार सुनिल थापाको ६८ वर्षको उमेरमा शनिबार बिहान निधन भएको छ । हृदयघातका कारण शंखमूलस्थित आफ्नै अपार्टमेन्टमा बेहोस भएपछि उनलाई उपचारका लागि थापाथलीस्थित नर्भिक अस्पताल पुऱ्याइएको थियो, जहाँ चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाका अनुसार थापा बिहान छायांकनमा जाने तयारीमा रहेका बेला अचानक अचेत भएका थिए । 'बिहान चलचित्रको छायांकनमा जानुपर्ने भएकाले आफूसँगै रहेका सहयोगीलाई चाँडै उठाउन भन्नुभएको रहेछ । सहयोगीले बिहान उठाउन जाँदा उहाँलाई अचेत अवस्थामा भेटेपछि अस्पताल लगिएको हो । अस्पतालले प्रारम्भिक परीक्षणपछि हृदयघातका कारण निधन भएको जानकारी दिएको छ,' निरौलाले बताए ।

चार दशकभन्दा लामो समयदेखि नेपाली तथा भारतीय चलचित्रमा सक्रिय थापा खलनायक र सहनायक दुवै भूमिकामा सशक्त अभिनयका लागि परिचित थिए । विशेषतः चलचित्र 'चिनो'को 'राते काइँला' पात्रमार्फत उनी दर्शकमाझ अत्यन्त लोकप्रिय बनेका थिए । खलनायक पात्रलाई पनि नायकसरह प्रतिष्ठा दिलाउन सफल कलाकारका रूपमा चिनिएका थापाले 'मेरी कोम' जस्ता अन्तर्राष्ट्रिय चर्चित फिल्ममा समेत अभिनय गरेका थिए, जहाँ उनले बलिउड अभिनेत्री प्रियंका चोपडाको बक्सिङ प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए ।

उनको निधनप्रति प्रधानमन्त्री सुशिला कार्कीले गहिरो दुःख व्यक्त गर्दै विज्ञप्तिमार्फत श्रद्धाञ्जली अर्पण गरेकी छन् । 'नेपाली र भारतीय चलचित्र उद्योगले एक बहुआयामिक कलाकार मात्र होइन, एक दरिलो खम्बा गुमाएको छ,' विज्ञप्तिमा उल्लेख छ । थापाले निर्वाह गरेका 'चिनो'को राते काइँलादेखि 'मेरी कोम'का प्रशिक्षकसम्मका चरित्र सधैं दर्शकको स्मृतिमा जीवित रहने प्रधानमन्त्रीको भनाइ छ । अभिनेता थापाको निधनसँगै नेपाली फिल्म क्षेत्र शोकमा डुबेको छ ।

कलाकार, निर्देशक तथा गायकहरूले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली व्यक्त गरिरहेका छन् । वरिष्ठ अभिनेता राजेश हमालले फेसबुकमार्फत आफ्नो फिल्म यात्रा नै थापाप्रति समर्पित गर्ने उल्लेख गरेका छन् । 'सुनिल, तपाईं एक अद्भुत सहकर्मी हुनुहुन्थ्यो । तपाईंले कहिल्यै भरिन नसक्ने खाली ठाउँ छोड्नुभएको छ । नेपाली सिनेमाको इतिहासमा तपाईं एउटा महत्वपूर्ण मोड हुनुहुन्छ । मेरो सिनेमा यात्रा तपाईंप्रति समर्पित गर्दछु,' हमालले लेखेका छन् ।

